# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०३/२६

चौथो अधिवेसन

(२६औँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको २६ औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सामान्य छलफलको बाँकी कारबाही प्रारम्भ हुन्छ ।

सर्व प्रथम माननीय विरमान चौधरीलाई समय दिन्छु (समय १५ मिनेट)

**माननीय विरमान चौधरी**

माननीय सभामूख महोदय र आज हामी चौथौं दिन सुदूरपश्चिम प्रदेश सरकारको २०७६/०७७ को प्रस्तावित आर्थिक बजेटमाथि आज चौथो दिन हामी छलफल गरी राखेका छौं र झन्डै चौध पन्ध्र दिन सरकार र प्रतिपक्ष विचको सम्वादले हाउस जुन अवरोध थियो त्यो खुल्न गएको छ र हामी बहस र छलफलमा सहभागी छौं र बजेटको हामीले प्रस्तावित बजेटलाई नीतिगत रुपमा र सैद्धान्तिक रुपमा यो भन्दा धेरै अगाडी हामीले सदनमा छलफल गरिसक्यौ र नीतिका बारेमा पनि हामीले छलफल गरि नै सकेका छौं । र अहिले जुन बजेट हामी दुईटा मनस्थितिमा विभाजित भएर जसरी छलफल चलि राखेको छ मूलभूत रुपमा यो बजेट सैद्धान्तिक रुपमा यो ठिक छ किनकी जुन तरिकाले बजेट आउनुपर्थ्यो अहिलेको नयाँ विकसित पहिलाको भन्दा अलिकति फरक छ किनभन्दा खेरी पहिलाको आउने बजेटको मोर्डन र अहिले नयाँ विकसित मोर्डन भनेको फरक छ त्यसले कहि न कहि बुझिने केहि न केहि समस्या सबैले पारिराखेकै हुन्छ किनकी हामी बजेटको नयाँ प्रोसेसमा जाँदा खेरी नयाँ छनौंटको प्रक्रियामा जाँदा समस्याहरु आएको छ र यसको संगसंगै हामी आफैले पनि यो सम्मानित सदनमा माननीय सभामूख महोदय, हामीले आफैले मलाई स्मरण छ शुरुवाती हाउसको बेला जतिखेर माननीय ४ जना सदस्यहरुले बोलिरहँदा पहिलो दिनको बेला हामीले तीनचारवटा कुरा प्रतिबद्धता जाहेर गरेका थियौं । एउटा कुरा हाम्रो प्रदेशलाई अगाडी बढाउने कुरामा र हाम्रो गरिबी हटाउने कुरामा हामी एउटा ठाउँमा आएका थियौं त्यसको डोरमा हिड्न खोज्या छ कि छैन भन्ने कुरा एउटा महत्वपूर्ण कुरा हुन्छ र दोश्रो कुरो हामी विकासको लागि सबै एक ठाउँमा छौं भनेर हामीले प्रतिवद्धता गरेका

थियौं । र राजनीतिक रुपमा हामी एउटै उसमा अगाडी बढ्ने क्रममा फरक फरक बिचार र फरक फरक सोचबाट हामी अगाडी बढेकै छौं र पनि फेरी जसरी यो बजेटबाट हामीले ठुलाठुला परिकल्पना गरेका थियौं विगतमा यो भन्दा अगाडीको बजेटमा गत बर्षको बजेटमा सरकारले यो ल्याएन त्यो ल्याएन हामीले सबैले भन्यौं । जलविद्युतको कुरा हामीले गर्‍यौं, अहिले जलविद्युतको कुरा ल्यायो सरकारले । हामीले ठुलठुला जिल्लास्तरका अथवा प्रदेशस्तरका आयोजनालाई सञ्चालन गर्ने कुरा गर्‍यौं, सरकारले त्यो कुरा ल्याएको छ । कृषिमा लगानी गर्ने कुरा हामीले गर्‍यौं । अनि हामीसँग बजेट थोरै हुँदा, स्रोत साधन थोरै भईरहँदा र बजेटको भोलुम धेरै बढ्दाखेरी बजेट त वितरणमूखी हुन जान्छ । त्यसैले सरकारले बजेटलाई कहिँ आंशिक वितरणमूखी गर्ने बाध्यकारी अवस्था पनि थियो किनकी हामीले सुशासन विधयेक बनाउने बेला के भन्यौं, एउटा प्रोजेक्ट बैंक बनाएर रातो बुकमा आउने हामीले आफैले गर्‍यौं । आंशिक बजेटले बनाएको प्रोजेक्ट बैंक बनेको बेलाको आंशिक जसले गर्दा खेरी चौमासिक त्रिमासिक टाइपको बजेट जतिखेर आयो त्यसले गरेका कामको बेलाको जसले उसको सर्वे डिजाइन इष्टिमेट डिपिआर गरेको थियो त्यसको त आखिर अर्को बर्षमा पनि आउन सक्थ्यो होला नि र यसपछि पनि गरिएका थुप्रै प्रोजेक्टहरु त्यो त पाइपलाइनमा छन नि । त्यसैले आउने मुलभूत रुपमा जो बजेट आएको छ, र यसले अर्को कुरा गरेको छ मलाई लाग्छ गत बर्ष चलिराखेको आर्थिक बर्षमा एकचोटी प्रश्न उठ्यो कृषि मन्त्रालयले कहिँ तालिम चलाउने हो र? भन्ने प्रश्न उठेको थियो र हामीले सबैले यो सम्मानित सदनले जानेको हुनुपर्दछ कि त्यहाँ गरिबी निवारण मन्त्रालयको त्यहाँ महाशाखा पनि छ है भन्ने कुरा बुझिरहन जरुरी पनि छ । र हामीले एउटा परिणाम निकाल्न जरुरी छ जस्तो लाग्छ मलाई जसलाई हामीले सीप दिएका छौं, जसलाई हामीले तालिम दिएका छौं, कति दियौं त प्रदेशभरीमा सरकारले ? माननीय सभामूख महोदयमार्फत म अनुरोध के गर्न चाहन्छु भने सरकारले त्यसको उचित लेखाजोखा गरेर हामीले कतिलाई रोजगारी दिन योग्य पब्लिक हाम्रो सुदूरपश्चिममा बनायौं भन्ने कुरा हेक्का राख्न जरुरी छ । त्यसलाई उचित तरिकाले ठिक ढंगले त्यसको जुन जुन मन्त्रालय, तह मन्त्रालयले दिएकालाई एकमुष्ट गर्न जरुरी छ जसले हामीले सुदूरपश्चिममा गरिबी हटाउने भनेका छौं तिनलाई आत्मनिर्भर बनाउन हामीले कोशिस गर्ने भनेका छौं त्यतापट्टि हेर्न जरुरी छ । हामीले स्वरोजगारको कुरा गरेका छौं । हामीले स्वरोजगारको पैसा कहा लाउने त ? कुन ठाउँमा लाउने? के व्यापार मात्र वा कृषिमा मात्र लाउने हो हामीले ? सीप सिकेका मान्छेहरुलाई जो विपन्न छन् तिनीहरुलाई रोजगार दिने बाटो खोल्दैछौं । त्यसले गर्दा खेरी यो सरकारको बजेटको यसमा धेरै महत्वपूर्ण भूमिका छ । हामीले आफैले गरेको काम एउटा उखान छः- "हिड्दै जाउ पाइला मेट्दै जाउ" हुँदैन त्यस्तो । हामीले शुरुमा जे कुरा भनेका थियौं र जुन विषय हामीले अगाडी लगेका थियौं ति विषय अन्तरगत जाँदै छ कि छैन भन्ने कुरा मूल विषय हुन्छ । मलाई लाग्छ, त्यसमा सरकार अगाडी प्रतिबद्ध तरिकाले बढि राखेको छ । र अझ यसको संगसंगै कतिपय आयोजनाहरु, कतिपय सडकहरु, कतिपय कुलकुलेसाहरु छुटेका छन् । मेरै क्षेत्रमा डिपिआर गरेका कतिपय छुटेका छन् मैले त्यसलाई चित्त बुझाएँ भने ठुलठुला भोलुम भएका रकमहरु त हाले नि । गतबर्ष तीनवटा चरणमा ६५/६५ हाल्दा यस बर्ष त्यहि क्षेत्रमा ठुलो प्रोजेक्ट बनाउँदा ६ करोड हाल्यो त सरकारले । अनि त्यहि पैसा हो हामीले त्यहि पैसालाई डिभाइड गरेर सबैठाउँ वितरण गर्ने वा हामीसँग भएको प्रोजेक्ट कुनै एउटा सम्पन्न गरेर देखाउने । हामीसँग च्यालेन्ज छ । कुनै जिल्लामा राम्रो काम कुनै एउटा प्रदेश गौरबको

आयोजना हामीले कुनै क्याम्पसले बनाउन सक्दैनौं ? शिक्षामा कुनै नमुनायोग्य गर्न सक्दैनौं ? सेति अंचल अस्पताललाई प्रदेश सरकारले एउटा नमुनायोग्य बनाउने कोशिसतिर उन्मुख त गऱ्यो नि । त्यो बजेटले पर्याप्त छैन तर सरकारले स्वास्थ्य प्रतिको जुन कुराहरुलाई अगाडी बढायो त्यतापट्टिको विषयलाई हामीले कसरी हेर्ने ? पर्सनल रुपमा आ-आफ्नो क्षेत्रमा हामी हेर्दै जाने क्रममा केहि क्षेत्रमा समस्याहरु आउलान्, आएका पनि छन् तर त्यसलाई समाधान गर्नको लागि हामीले एउटा विकल्प पनि सरकारलाई दिएका छौं । हामीलाई प्रदेश पूर्वाधार विकास कार्यक्रम भनेर तीन करोड रकम पनि त सरकारले तिनीहरुलाई एकदम अत्यन्त माग भएको ठाउँमा छुटयाउ भनेर हामीले त्यो के आफ्नो घर बनाउने हो र त्यो पैसाले ? कोहि आफ्नो कुनै एउटा सानो प्रोजेक्ट तिमीहरु यहाँबाट सम्बोधन गर भनेर दिएकै त छ त । त्यसले गर्दा खेरी जुन विषयले यहाँ ठाउँ पाईराखेको छ र अर्को कुरा यसको सँगसँगै म भन्छु जसरी हामी केहि दिनको लागि हामी विभाजित भयौं र अहिले पछिल्लो चरण सकारात्मक के भएको छ भने सरकार र प्रतिपक्षबीचको सम्वादले गर्दा खेरी अहिले फेरी पनि हामी सबै बजेटप्रतिको बुझाई बजेटप्रतिको धारणा करिब करिब मैले देखिराखेको एउटा ठाउँ आईराखेकै छ । त्यसको संगसंगै सुझाव पनि गएको छ । चाहे सत्ता पक्षबाट चाहे प्रतिपक्षबाट के सुझाव गएको छ भने सरकारले गरिराखेको काममा मितव्ययिता तरिकाले अगाडी बढाओस् । अनियमितता नहोस् भन्ने कुरा उठाइराखेकै छ । किनकी जनताको प्रतिनिधीहरुले जनताको आवाज बोल्ने कुरालाई पनि चुकेको छैन त्यसले गर्दा यो माननीय सभामूख महोदयमार्फत के अनुरोध गर्न चाहन्छु भने यति भनिरहँदा हामी सरकारमा बसेका माननीय मन्त्रीज्यूहरु र सरकारका प्रतिनिधी साथीहरुलाई माननीयज्यूहरुलाई पनि यो हेक्का रहोस् कि, हामी हाम्रो प्रदेशमा सुशासन सम्बन्धी विषयलाई पनि मध्यनजर गरी ध्यान दिन जरुरी छ है मेरो सरकारलाई यो सुझाव छ । किनकी कतिपय तपाईले हेर्दै जाने हो भने यहाँ थुप्रै बहस उठेको छ । मेरै क्षेत्रमा दुइटा आयोजना टेन्डर भो त्यो अहिलेसम्ममा एक रुपैंया खर्च भएको छैन । एउटा आयोजनामा सामान्य ग्राबेल हाल्ने पिच गर्ने यसपालि लक्ष्य थियो । हामीले टेन्डर लिएका आयोजनाहरुलाई पनि कस्तो व्यक्तिले टेन्डर गऱ्यो त्यो पनि वाच गर्न जरुरी छ है । कुनै पनि प्रोजेक्टको किनकी त्यसले हामीलाई समृद्धितिर लग्ने दिशामा कहिँ न कहिँ रोक्छ । कहिँ न कहिँ त्यसले अप्ठ्यारो गरिराखेकै हुन्छ । त्यसैले गर्दा यो कुरालाई पनि हामीले मध्यनजर गर्नु जरुरी छ र यसको संगसंगै हामी फेरी उपभोक्ताको नाउँमा करोडौं र पैसालाई उपभोक्तामा दिने मनस्थिति पनि हुनुहुँदैन तर यसको संगसंगै उपभोक्ताको जुन प्रक्रियालाई प्रोसेसमा गर्नुपर्ने कामहरु छन् यहाँ कयौं कुराहरु पार्लियामेन्टमा उठ्यो, सदनमा उठ्यो, करोडौं बजेट पनि उपभोक्ताले कार्यान्वयन गर्ने दिशातिर गयो त्यस्तो हुनुहुँदैन । किनकी हाम्रो खरिद ऐनले पनि त्यो दिँदैन । त्यतापट्टी जानु हुँदैन, त्यसले गर्दा खेरी त्यसले सुशासन विधयेक र हाम्रो खरिद ऐन विपरित हुन जान्छ । त्यसैले त्यो गर्नु हुँदैन सरकारले ।त्यो मापदण्ड भित्र बसेर अगाडी बढ्दा उपयुक्त हुन्छ भन्ने मेरो सरकारलाई एउटा सुझाव छ । र यसको संगसंगै टेन्डर लिनेको नाममा स-साना योजनाहरु पनि आगामी दिनहरुमा दिनुहुँदैन । यहाँ पन्ध्र लाख बीस लाखका पनि टेन्डर गएका छन् । यस्तो दियो भने त्यहाँका उपभोक्ताहरुलाई अपमानित गर्नु हुँदैन त्यहाँका प्रतिनिधीले पनि सरकारले पनि । त्यसैले यो कुरालाई पनि मध्यनजर गर्नु जरुरी छ । जहँसम्म रातो बुकको कुरा, त्यसपछि मौजुदा सरकारले राख्ने कुरा केहि बजेट मौजुदा सरकारले राख्नु पर्दछ । यो सबै कुरा व्यवहारिक र सैद्धान्तिक रुपमा सबैलाई थाहा छ । सरकारले

आफ्नो पूरै कोष रित्याएर कहिले पनि दिन सक्दैन । यो कुरा त सैद्धान्तिक कुरा हो नि । कहिलेकाँही ठूलो आपत विपत आइपऱ्यो भने सरकारले व्ययभार उठाउने गरीकन कसरी आफ्नो बजेट त केहि न केहि सुरक्षित भई नै रहनु पऱ्यो नि । यसको नाममा बजेट सुरक्षित गर्नेको नाममा फेरी सबै त्यतैतिर पोको पारेर राख्ने मौजुदाको नाममा पनि राखिहाल्नु हुँदैन र हामीले पनि अर्को कुरा संगसंगै के कुरा उठाएका थियौं भने हाम्रो प्रदेशमा बजेट कार्यान्वयन गर्नको लागि हामीसँग कर्मचारी छैन भनेर सरकारको माननीय मुख्यमन्त्रीज्यूले यसैबाट यहि रोस्टमबाट भन्नुभएको छ । हामी सांसदले पनि मलाई लाग्छ कयौं कार्यालयहरु कन्चनपुर जानु पर्छ हामी कैलालीको मान्छे । कृषि ज्ञानकेन्द्र हामी कहाँ जान्छौं ? कृषि अस्पताल हामी  कहाँ जान्छौं ? त्यसैले सरकारले एउटा लोकसेवा विधयेक र त्योसँग अन्तरसम्बन्धित कर्मचारी भर्ना सम्बन्धी विधयेक ल्याईसकेको छ । त्यसको लागि बजेट हामीलाई चाहिन्छ कि चाहिँदैन ? हामीले सबै कुरा एकै दिन एकैपटक गर्न खोज्याजस्तो हामीले हुँदैन । चारैतिर फेरिदाखेरी उता कर्मचारी भर्नाको कुरा पनि छ । उता आफ्नो कार्यालय इकाई स्थापना गर्ने कुरा पनि छ । र त्यो खर्च कहाँबाट आउने के त्यो छुट्टै नेपाल सरकारले हामीलाई बजेट दिने हो र ? हाम्रो प्रदेश सरकारबाट मौजुदा रहेको बजेटबाटै त्यो पैसा खर्च हुने हो ।  त्यसले गर्दा हामी यो कुरामा पनि हेक्का के राखौं भने हामी आफैले भनि राखेको कुरालाई विरोधाभाषपूर्ण तरिकाले कहिले पनि गर्नु हुँदैन भन्ने मेरो आग्रह अनुरोध हो । त्यसैले यो कुरा गरिरहँदा अर्को कुरा हामीले सँगसँगै के कुरा गर्दै छौं भने हामी शान्ति सुरक्षाका कुरा तीव्र उठाइराखेका हुन्छौं, त्यसको सँगसँगै हामीले अहिले प्रदेश प्रहरी ऐन र प्रदेश प्रहरी स्थापना हामीले अझ पनि यो तेस्रो आंशिक बजेटसहितको तेस्रो बजेटमा पनि हामी बहस गरिराखेका छौं यसको शुरुवात पनि हामीले गर्न जरुरी छ किनकी हामीले नेपाल सरकारले हामीलाई त्यो फोर्सको अधिकार नदिसकेपछि संविधानले के भनेको छ तिमीहरुलाई कहिँ रोकेको छैन तिमीहरुले प्रहरी ऐन बनाएर आफ्नो प्रदेश प्रहरी स्थापना पनि गर्न सकिन्छ । यतापट्टि पनि हामी जान जरुरी छ किनकी हामी राज्य हो । त्यसैले गर्दाखेरी संघको लागि एउटा मापदण्ड होला, प्रदेशको लागि संघीय लोकतान्त्रिक गणतन्त्रको लागि प्रदेशले मैले धेरैपटक यहि रोष्टमबाट भनेको छु संघीय लोकतान्त्रिक गणतन्त्र टिकाउनको लागि एउटा महत्वपूर्ण मेरुदण्ड भनेको प्रदेश हो जसले कतिपय मानिसले प्रदेशको अर्थ छैन भनेर धेरै पटक भनेका छन् । तर मलाई लाग्दैन त्यस्तो । प्रदेशको धेरै महत्वपूर्ण भूमिका छ यहाँ । यहाँ कतिपय ठाउँमा अझ म यहाँ के अनुरोध गर्न चाहन्छु भने अझ पुगिराखेको देख्दैन बरु । मेरो आफ्नो पर्सनल कुरा हो हामीले साना साना उद्यम ग्राम बनाउने भन्यौं, कृषि गाउँ आफै बनाउने कुरा पनि हामीले गऱ्यौं तर कुनै मैले यहि रोष्टमबाट भनेको थिएँ कुनै ठाउँमा यस्तो हाम्रो प्रदेश सरकारले कतिवटा उद्योग स्थापना गर्न सक्ने हो ? हाम्रो लगानी र अरुको लगानीमार्फत हुने हो या हामी प्रदेश आफैले सक्ने हौं ? त्यो निक्यौंल गरेर कुनै निश्चित ठाउँमा हामीले उद्योग स्थापना गरेर हाम्रो सुदूरपश्चिमवासीहरुलाई रोजगार सिर्जन केहि न केहि त हामी गर्न सक्छौं नि । त्यतापट्टि अझ बजेट जान जरुरी छ जस्तो मलाई लाग्दछ किनकी यहि कुरा नहुँदाखेरी ससाना उद्योग ग्राम हामिले भन्यौं तर यसलाई ठुलो स्केलमा, अलि ठूलो भोलुममा स्थापना गरेर जान जरुरी भन्ने कुरा राख्दै बिदा हुन्छु हवस्त धन्यबाद ।

**माननीय रणबहादुर रावलः-**

सभामूख महोदय; आज हामी फेरी पुनः आर्थिक, सामाजिक र मानवीय विकासको क्षेत्रमा तुलनात्मक हिसाबले पछाडी परेको यस प्रदेशको आर्थिक बर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम प्रदेशले ल्याएको छ । त्यससन्दर्भमा फेरी पुन छलफल गर्न गइरहेका छौं । यसै सन्दर्भमा अहिले झण्डै झण्डै एक सय तिरहत्तर पेजको रातो किताब, त्यसको साथसाथै मध्यकालिन खर्च संरचना एक सय सात पेजको छ दुइटै नहेर्दा प्रष्ट पनि हुन सक्दैन । त्यसैलेसभामूख महोदय यो जान्नुभन्दा अगाडी एउटा राजनीतिक र सामाजिक चिन्तक अच्यूत प्रसाद पौडयाल जी को भनाई म यहाँ राख्न चाहन्छु । सभामूख महोदय; राज्यले सुशासनको नारा लिएको हुन्छ, प्राचीन राज्यले स्वर्णिम अर्थात् जतातत्तै सुख शान्तिको नारा लिने गर्थ्यो । आम जनताको संकटको मुक्ति, समृद्धि बढाउनु नै राज्यको कर्तव्य हो । भारी नबोके गधाको के काम ? पानी नबर्से कालो बादलको के काम ? नगालेको अर्थात् मथ्था नहालेको हात्तिको जति बलवान भएपनि के काम हुन्छ ? ढोडको लठ्ठी अर्थात् घाँसको लठ्ठीको के काम आउँछ ? ठुलै गाठो बनाएपनि अर्थ हुँदैन जस्तो लाग्छ सभामूख महोदय ।थारो गाईलाई कसले खाना दिन्छ ? सुख शान्ति र शुरुमा न्यूनतम बातावरणको प्रत्याभूती दिन नसक्ने राज्यलाई कसले विश्वास गर्छ ? माननीय सभामूख महोदय यो मेरो भनाई होइन, एउटा सामाजिक, राजनीतिक चिन्तक अचुत प्रसाद पौडयाल जीको भनाई यहाँ मैले सापट लिएको हुँ ।

माननीय सभामूख महोदय; मैले यो भन्दा अगाडी माननीय मुख्यमन्त्रीजी र मैले हाम्रा कुराहरु प्रष्ट पारेका थिए । रातो किताबको सन्दर्भ, जलाउनुपर्ने बाध्यता, यावत कुराहरुलाई हामीले राखेका थियौं म दोहोर्‍याउन चाहँदिन । र म यो रोष्टममा उभिएर तमाम सत्तापक्ष साथीहरुले राख्नुभएका बहुत गम्भीर र धेरैजसो अघाएर डकार मारेका केहि शब्दहरु पनि सुन्न पाँए त्यसबारे पनि म भन्न चाहँदिन । एउटा मौका आउला, समय आउला, त्यो जिम्मेवारी बोध आउला त्यस पछि म रोष्टममा हरेकका नस नस केलाएर एक एक नसा नसा कसरी अघाएका छन्, साथीहरुको बोलाई के हुँदोरहेछ घोगा खानेहरुको बोलाई के हुँदोरहेछ त्यो बारेमा प्रष्ट पार्नेछु । मेरो जिम्मेवारी आजको बढी यो बजेटको सन्दर्भ, कार्यक्रमको सन्दर्भ छ । सकभर म छोटो अवधिमा धेरै कुराहरु सके नसकेपनि धेरै महत्वपूर्ण प्रतिनिधिमूलक कुराहरु म यहाँहरुसमक्ष राख्ने प्रयास गर्नेछु ।

माननीय सभामूख महोदय; आर्थिक बर्ष २०७६/७७ को बजेट तथा कार्यक्रमको सन्दर्भमा म यो ठ्याक्कै २८ अर्ब १६ करोड, २० लाख, ३५ हजारको कुरा म गर्दिन, त्यसको पूँजिगत कुरामा मात्र म अलि शब्द छुन चाहन्छु । १३ अर्ब, ६ करोड, ४६ लाख जस्तो वहाँ माननीय अर्थमन्त्रीजीले प्रस्तुत गर्दा ४६.४३ प्रतिशत भन्नुभएको छ । त्यसपछि चालु बर्ष चालुतर्फ झण्डाझण्डै १२ अर्ब, ५७ करोड, २६ लाखको झण्डाझण्डै ४४.६० भन्नु भएको छ । उहाँको हिसाबमा झण्डाझण्डै चालु र पुजिगत खर्चमा अलि ब्यालेन्स ल्याएको छु पुजि बढी छ, चालु कम छ भन्ने देखाउनु भएको छ । म उहाँलाई यो प्रश्न गर्न खोजेको पनि होइन । जस्तो गुरुले शिक्षा दिन्छ त्यहि चेलाले गर्ने हो यो संघीय लेवलले सिकाएको कुरा हुनाले उहाँले यो ल्याउनु भएको होला । त्यसपछि म अर्को कुरा भन्न चाहन्छु यसै सन्दर्भमा उहाँले राख्नुभएको जो मध्यकालीन तथा खर्च संरचनामा उल्लेख छ, त्यो रातो किताबमा छैन । वास्तवमा रातो किताब त ब्लांक नै छ । यदि सरसर्ति सरल मान्छेले हेर्ने हो भने रातो किताबमा कति बजेट कुन मन्त्रालयमा कुन कुन शिर्षकमा छ भन्ने

पनि प्रष्ट छैन यो एकदम विशेषज्ञ हाम्रो माननीय आर्थिक मामिला तथा योजना मन्त्रीलाई बढी थाहा हुने हुनाले उहाँले एकदम राम्रोसँग राख्नुभएको छ तर अरु सबैलाई प्रष्ट गर्ने गरी दिनुभएको छैन । अलि अलि हामीजस्ता सिकारुहरुले उहाँले दिएका मध्यकालिन खर्च संरचना र केहि अरुतिर हेर्दा अलिकति हामीलाई पनि प्रष्ट्याई भएको हो । त्यहि सन्दर्भमा उहाँले राख्नु भएको छ वित्तिय व्यवस्था झण्डै ४० करोड जस्मा मैले प्रतिशतमा निकाल्दा १.४२ प्रतिशत भएको छ ।अर्को अन्तरसरकारी तथा वित्तिय उसमा राख्नु भएको छ २ अर्ब, १२ करोड, २१ लाख झण्डाझण्डै ७.५४ प्रतिशत । यो दुइटै जोड्दा झन्डै ९ प्रतिशत । ४४.७७, १.४ यो जम्मै गर्दा झण्डाझण्डै चालु ५३.५६ प्रतिशत छ । उहाँले निकै चलाखीपूर्ण हिसाबले पूँजी माथि छ यो तल छ भन्नुभएको थियो तर वास्तवमा हुदाँखेरी यसो हेर्दा यो चालु नै माथि रहेछ ५३, अरु झण्डाझण्डै ४६.३३ प्रतिशत मात्रै छ । यहि सन्दर्भमा पनि यसो हेर्दैजाँदा अब वास्तवमा यहाँ सबै माननीय मन्त्रीज्यू हुनुहुन्छ, हाम्रो प्रदेशको सभाको पनि खर्चको कुराहरु छ । मैले सरसर्ति हेरैं, प्रदेश व्यवस्थापिकामा कति रहेछ त कति प्रतिशत ०.५६ प्रतिशत छ जसको झण्डाझण्डै १५ करोड भन्दा बढी रहेनछ । त्यसपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कति प्रतिशतले तौल दिएको रहेछ त भनि हेरैं, ४.०० प्रतिशत रहेछ झण्डाझण्डै १ अर्ब भन्दा माथी । त्यसपछि आन्तरिक मामिला जो कानून मन्त्रालय छ त्यसको ठ्याक्कै १ प्रतिशत रहेछ । त्यसै आर्थिक मामिला तथा योजना मन्त्रालयको पनि हेरैं झण्डै १.७५ प्रतिशत रहेछ म ठ्याक्कै ३ करोड नभनौं अहिले । उद्योग, पर्यटन र वन मन्त्रालयको हेरैं ४.२० प्रतिशत छ झण्डै २ अर्ब ३० करोड भन्दा माथि छ । भूमिलाई जसलाई उहाँले विशेष प्राथमिकतामा यो सरकारले दिएको छ भूमिसम्बन्धी पनि हेरैं साँच्ची कति रहेछ त गत सालको भन्दा यो साल ड्याङ्ग बढाएको पनि भन्नुभो म हेरु न त कसरी बनाउनुभएको रहेछ त भनि हेरैं साँच्कीकै रहेछ झण्डाझण्डै १० प्रतिशत पुर्‍याउनु भएको रहेछ कनि कुथि जसलाई विशेष प्राथमिकता दिइएको भनिएको छ जबकी संघले दिएको प्राथमिकता शिक्षामा हो त ठिकै छ यहाँको प्राथमिकता ठिकै छ आआफ्नो अनुसार हुन्छ । त्यसैगरी भौतिक पूर्वाधारको हेरैं प्राथमिकता कम दिएको हो भनि भन्ठान्याको थिएँ त्यहाँ जम्मा ३३.३५ प्रतिशत रहेछ । ९ अर्ब ३९ करोड ४६ लाख ६५ हजार जति रहेछ । अनि त्यसपछि हेरैं अर्को सामाजिक मन्त्रालयको त्यसमा झण्डै १७ प्रतिशत रहेछ, जसमा ४ अर्बभन्दा बढी छ । अनि अर्थ वित्तिय व्यवस्थामा अघी मैले भनिहालें त्योभन्दा अर्को अर्थ विविधको हेरैं झण्डै २३ अर्थ विविधमा उहाँले छुट्याएको २३.१२ छ । अर्थ विविधमा झण्डै १.४२ छ । झण्डैझण्डै वहाँले २५/२५ को हारामा यी विविध कुराहरु राख्नु भएको छ । अब यता मैले सरसर्ति हेरैं साँच्चीकै यो देश यो प्रगति, उन्नती र समृद्धिको लागि केही अव विगतका दुईदुई वटा योजनाहरु अल्पकालिन र पूर्णकालिन योजनाहरु ल्याइसकेपश्चात् धेरै किफायि धेरै कुराहरुको संरचना पछि अब बन्छ भन्ने हिसाबले सुखी र समृद्धि र वित्तीय समाजवाद उन्मुख हिसाबको यो बजेट आएको छ भन्ने धेरै कुरामा ठाउँ ठाउँ भनेको पाएँ । साँच्ची हेरैं, उद्देश्यहरु हेरैं, सामाजिक रुपान्तरणका कुराहरु, त्यसको प्रक्रियागत कुराहरु, नीजि क्षेत्रलाई, सहकारी क्षेत्रलाई,यावत कुराहरुलाई समेट्ने कुराहरु यतिबेला दिगो व्यवस्थापन गर्ने कुराहरु देखि लिएर फराकिलो अर्थ व्यवस्था गर्ने देखि लिएर आर्थिक वृद्धिदर साँच्चिकै उच्चस्तर हासिल गर्ने कुराहरु पनि राखेको पाएँ । त्यसपछि अर्को कुरा के पाएँ भने सुशासनमा बढी जोड दिएको पाएँ । जसमा आधुनिक व्यवसायिकरण, जसमा उत्पादकत्व बढाएर जस्तो अभिवृद्धिहरु कृषिमा आत्मनिर्भरता बढाउने कुराहरु पनि बहुतै जोडदारले

ल्याएको पाएँ । त्यसपछि अर्को पाएँ आर्थिक, सामाजिक, भौतिक पूर्वाधारहरुको पनि विकास साथै लगानीमा पनि विस्तार यावत कुराहरु उद्देश्यमा उल्लेख गरेको यहाँ भेटाएँ । त्यसको साथसाथै प्राथमिकिकरण कसरी गरेको छ भन्ने सन्दर्भमा आउँदा प्राथमिकिकरणमा सबैभन्दा यहाँको गरिबी नै रहेछ भन्ने ठम्याई भएको देखें बहुत खुसी लाग्यो । आयआर्जनमा कसरी वृद्धि गर्ने र स्वरोजगारीमा कसरी वृद्धि गर्ने, प्रादेशिक महत्वका पूर्वाधार योजनाहरुलाई कसरी अगाडी बढाउने सन्दर्भमा पनि बहुत कुरा उठाएको पाएँ । शिक्षा, स्वास्थ्य, खानेपानी लगायत यावत मानवीय हिसाबले अगाडी बढाउने कुरादेखि लिएर कृषि, पर्यटन, उद्योग लगायतका आर्थिक पूर्वाधारको विस्तार गर्ने कुराहरुको विधिको शासन र संविधानको कार्यान्वयन अलि झिनो हिसाबले आएको देखें ।यो यथास्थितिमा माननीय सभामूख महोदय, अर्को मैले सरसर्ति यहाँ सम्मानित सदनमा म भन्न चाँहे — सायद कतिपय साथीहरुलाई भयो होला यो चाहि कत्रो मानिस हो भयंकर दिन खोजिराको छ ठान्नुहोला, नठान्नुहोला एउटा विद्यार्थीको नाताले एउटा साधारण सदस्यको नाताले म यहाँ दिन खोजिरहेको छु अहिले हाम्रो स्थिति, यथास्थिति कस्तो छ त ? यो आर्थिक बर्ष २०७४/०७५ मा आयातको स्थिति, निर्यातको स्थिति, त्यसको राजनीतिक स्थिति पनि सरसर्ति जो यो कुराहरु जो टिपेको हुँ त्यसमा हेर्दा तपाईहरुले धेरै कुरा भनिसक्नु भयो होला म भन्न चाहन्न आयात र निर्यातको सन्दर्भमा मैले डिटेल राखेको छु यहाँ तर धेरै भन्दा समय लाग्छ त्यसले गर्दा आयात नै हाम्रो प्रमुख राजश्वको आधार भएको छ । निर्यातमूखी कामहरु र उत्पादनमूखी कामहरु विगतमा नभएपनि सुरुवात पनि त्यति बलपर्दो हिसाबले यसलाई टेवा पुग्ने हिसाबले यसलाई दुइटा बर्षको त्यति आएको छैन ।

माननीय सभामूख महोदय, यसै सन्दर्भमा अर्को एउटा जोडें कुल ग्राहस्थ उत्पादनको सन्दर्भ जो सुदूरपश्चिम प्रदेशको जो योगदानको सन्दर्भ छ जो ६.३७ प्रतिशत को छ त्यसमा एउटा यादै गर्ने कुरा के छ बडो गम्भिरताका साथ सुदूरपश्चिम प्रदेशवासीले हेर्नुपर्ने के छ म कैलाली कन्चनपुरमा बस्नेहरुको भन्दा पनि हिमाली भेग र पहाडी भेगमा बस्नेहरुको स्थिति अहिले भन्नुपर्दा अप्ठ्यारो र बहुतै दयनीय अवस्थामा गुज्रेको छ जसमा हिमाली भेगको योगदान जम्मा ०. ८१ प्रतिशत छ । जसमा पहाडी भेगको १.८० प्रतिशत छ भने तराई कैलाली कन्चनपुरको ३.७८ प्रतिशत छ । यसमा के शिक्षा दिइन्छ भने हामीले प्राथमिकता कहाँ दिने हो ? त्यो क्षेत्रमा तेत्रो प्राथमिकता नदिइयो भने आज त्यसले जुन हिसाबले ग्राहस्थ उत्पादनमा योगदान पनि पुऱ्याउन सकेको छैन अबको प्राथमिकता त्यहाँतिर जानुपर्छ भन्ने जस्तो लाग्छ । यसरी यो कुराहरु धेरै जसो स्वयम् पत्ता लगाउनुपर्ने कुराहरु हो मैले नयाँ कुरा ल्याएको होइन । नेपालको बहुआयामिक गरिबीको सन्दर्भमा एउटा बहुतै महत्वपूर्ण पाटो हामीले त्यसलाई हाम्रा सुचांकहरुलाई खेलाउन सकेनौं जसको कारणले आज सुदूरपश्चिमको बजेटको जो भार हुनुपर्थ्यो त्यो हुन सकेको छैन उदाहरणको लागि नेपालको बहुआयामिक गरिबी सूचकांक ०.१२७ छ भने नेपालको समग्र गरिबीको रेखामुनी २८.४२ प्रतिशत जनता गरिबीको रेखामुनी छन् भने सुदूरपश्चिमको हकमा बहुआयामिक गरिबीको सूचक ०.१४६ छ भने गरिबीको रेखामूनी राष्ट्रबैंकको डाटालाई मान्ने हो भने यदि मानेको भए सायद हामीलाई रियल आउथ्यो ४२ प्रतिशत छ जबकी हामीले गरिबीको रेखामूनीका मानिसहरु जम्मा ३३.५ छ भन्दा आज यसको कारणले हेर्नुस् समानिकरण अनुदानमा ठुलो धोका ठक्कर खानुपऱ्यो । जसको उदाहरणको लागि यो उदाहरण मात्र हो प्रदेश नं. ६ वा कर्णाली प्रदेशको आ.ब. २०७५/०७६ मा ९ अर्ब, १३ करोड, १४ लाख समानिकरण अनुदान

पायो त्यसपछि त्यसै सालमा हामीले गत सालमा हामीले पायौं ७ अर्ब ९२ करोड २४ लाख रुपैंया । त्यसै आर्थिक बर्ष २०७६/०७७ को अब आउने यसमा ९ अर्ब, ८४ करोड, ८३ लाख कर्णाली प्रदेशले पायो भने हामीले ७ अर्ब ९५ करोड २ लाख पाउँदैछौं । यो कारण के होला ? यो हाम्रो गरिबी हामी कर्णाली प्रदेशबासी धनी छौं कि यी कुराहरु बहुत महत्वपूर्ण छन् त्यसकारणले हामीले संघसँग पनि हामी आपसमा जुझौं । आपसमा आआफ्ना कुराहरुको यो राम्रो हो यो हामीले राम्रो गऱ्यौं धेरै उदाहरण त ल्यायौं यहाँ तर माननीय सभामूख महोदय, जुन प्रदेशले वास्तवमा क्षतिपुर्तिको रुपमा विगत लामो समयदेखि सुदूरपश्चिमवासीहरु लडेको थियो । आज जुन प्रदेशको वास्तवमा एउटा जिल्लाको मैले बारम्बार उदाहरण दिएँ बाजुरामा ६४ प्रतिशत भन्दा बढी गरिबीको रेखामुनी आज त्यसलाई ७७ औं जिल्लामा पर्छ बाजुरा त्यसको नामबाट आज कर्णाली प्रदेश भन्दा त आज २० प्रतिशत बढी यो समानिकरण अनुदान पाउनुपऱ्थ्यो । यो समानिकरण अनुदान भनेको केबल शब्द वा ताल मात्र होइन यो अनुदान यहाँको मानवीय विकासका कुराहरुलाई देखि लिएर यहाँको विगतमा भएका द्वन्द्वहरु विशेष गरी माओवादी कालमा भएका द्वन्द्व र त्यसले सिर्जना गरेकाले जो विकासका संरचनाहरु भत्किए ति यावत कुराहरुलाई जोडेर यो बजेट बनाइएको हो ।त्यसैअनुसार केन्द्रले दिने हो त्यसैले मलाई लाग्छ विगतका यहाँका जतिपनि द्वन्द्वकालका माओवादी कालमा लडे भिडे आफ्नो जीवन गुमाए उनीहरुले पाउने के आज यो अरबौ रुपियाभन्दा कम पाउनुपर्ने के सुदूरपश्चिमवासीले मर्दा पनि नपाउने ? यो बहुत अहम प्रश्न छ । म यसमा धेरै लामो भन्न चाँहदिन अब एक दुईवटा सन्दर्भ जोडेर म फेरी अगाडी बढ्न चाहन्छु । सन्दर्भ के थियो भन्दाखेरी हामीले अरु सम्मान गर्नुपर्ने कुरामा कन्जुस्याई गर्नु हुँदैन । अपमान नगरु सम्मान चाँहि गरुँ । राम्रा कामलाई फलोअप र निरन्तरता दिउँ । जस्तै तपाईलाई थाहा छ अहिले नेपालकै सन्दर्भमा नेपालीहरुको वास्तवमा यो सरकार र संघीय सरकारको कारणले आज शिर झुकेको छ । आज विषादी कुराहरुको परीक्षणको सन्दर्भमा कुरा उठेको छ । विगतमा साथीहरुले यो भने धेरैले, भने यो निरन्तरता हो भन्ने कुराहरु गरे तर उहाँहरुलाई हेक्का हुनुपऱ्यो यो भन्दा अगाडीको वर्तमान सभापति हाम्रो पार्टीको सभापति श्री शेर बहादुर देउवाजी प्रधानमन्त्री हुँदा सुदूरपश्चिमको हकमा तीनवटा नाकामा क्वारेन्टाइन स्थापित हुनुपर्छ भनेको र त्यो क्षमता भएर कार्यान्वयन भईसकेको छ । यो गौरीफन्टा नाका क्यान्सिल गरेको नाकालाई त्यहि प्रधानमन्त्री यो सुदूरपश्चिमको चेलोले भारतमा जाँदा यो गौरीफन्टा नाका बन्द हुनुहुँदैन भनेर अहिलेको सम्माननीय छिमेकी राष्ट्रको प्रधानमन्त्रीसँग बहस गर्दा त्यो नाका यथायावत रहेको हो । यी कुराहरुलाई हामीले सम्मानजनक हिसाबले लिनुपर्छ । सम्पूर्ण कुरा सबैले गर्ने होइन । यो कन्टिन्युटिको कुरा हो त्यसकारणले ति क्वारेन्टाइनले गर्नुपर्ने काममा मलाई लाग्छ यो नेपाली जनताहरु सुदूरपश्चिमी जनताहरु विष खान तयार छैनन् बरु घासपात खाउला यो सरकारले त भन्नुपर्छ कुनै पनि हालतमा विना बिषादी प्रशिक्षणविना एउटा एक त्यान्द्रो पनि ल्याउनुहुन्न भन्नुपर्छ । यो राष्ट्रको सम्मानको कुरा हो । यहाँका जनताको सम्मानको कुरा हो । यसमा कसैले पनि राजनीतिक विचार अगाडी राखेर बढ्छ भने मलाई लाग्छ त्यसले राम्रो साथ दिँदैन जस्तो लाग्छ । यसका साथसाथै अर्को महत्वपूर्ण पाटो मेरो जिम्मेवारी बढिजस्तो अव यो हामी कुरा गर्छौं यतातिर काम कुरो एकातिर कुम्लो बोकी ठिमितिर भनेजस्तो मैले त्यो पनि गर्नुभएन । सन्दर्भ जोड्ने सन्दर्भमा यो रातो किताबको किन जलाइयो ? किन गरियो? भन्ने विषयमा यथेष्ट कुराहरु भनिसकेको हुनाले त्यसपछि वार्ता पनि भईसकेको

हुनाले धेरै कुराहरु म यहाँ भन्न चाहँदिन । एउटै कुरा के भन्न चाहन्छु भन्दाखेरी हर दृष्टिले हामी जे कुराहरु गऱ्यौं जे कुराहरु हामी राजनीतिक सम्वाद, राजनीतिक एउटा जेन्टमेन्ट एग्रिमेन्ट गऱ्यौं त्यसलाई कन्टिन्यू रुपमा सम्मान गर्दै अगाडी बढ्यौं भने आउँदा दिनहरु सबैको पक्ष हुन्छन् । एकले अर्कालाई जिस्क्याउने, एकले अर्कालाई तल झार्ने, माथि झार्ने कामले मलाई लाग्छ त्यति बल पुऱ्याउँदैन । मलाई लाग्छ हामी लिखितमा गएर राजनीतिक प्रतिकारका लागि हामीले कुनै पनि गरेका होइनौं । केहि कुरा माइनिटिङ भए होलान् तत्पश्चातले हामी एक अर्कालाई सम्मान हो । यत्रो गरिमामय प्रदेशको मुख्यमन्त्री, त्यहाँका आन्तरिक मामिला तथा कानून मन्त्री, त्यहाँका आर्थिक मामिला तथा योजना मन्त्री तथा हामी चारपाँच जना साथीहरु लगायत राजपाका साथीहरु नेपाली काग्रेसका साथीहरु बसेर जुन निर्णय गरेका छौं यो प्रदेशको र यो जनताको पक्षमा गरेका छौं । त्यसलाई अक्षरांस पालना हुनुपर्छ र यो सिंगो सदनका ५३ जना माननीयलाई बल पुग्ने खालको गरेका छौं । कसैले शंका नगरे हुन्छ । यदि हामी चुकेका छौं भने भन्नुहोला यीनिहरु वास्तवमा १४ जनाले मात्रै आफ्नो पक्षमा यो सरकारलाई ल्यायो भनेर भन्नुहोला त्यो गलत भ्रम नराख्नुहोला । अब यसबारेमा अरु साथीहरुले प्रष्ट्याउने छन् । र एउटा कुरा के छ भन्दाखेरी रातो किताबमा वास्तवमा सुधार्नुपर्ने पनि कहाँ छ त ? अब नयाँ परिवेश । मैले मुख्यमन्त्रीदेखि लिएर यावत कुराहरु त म सक्दिन मसँग जम्मा पाँच सातवटा पेजहरु छन् । तर म प्रतिनिधीमूलक कुराहरु मात्रै भन्न चाहन्छु । मुख्यमन्त्रीकोमा हेलो सिएमलाई कन्टिन्युटी गर्ने कुराको सन्दर्भमा वास्तवमा जनताले हेलो सिएमको बारेमा बोल्न पनि छोडिदिएको छ । अब फोन आउन पनि छोडिसकेको छ । त्यसलाई निरन्तरता दिएर अर्थ हुँदैन किनभने जुन कुरा जनताले यो अहिलेको माननीय मुख्यमन्त्री जी भनेको एउटा पार्टीको मुख्यमन्त्री होइन । समग्र यो प्रदेशको मुख्यमन्त्री हो । हामी प्रतिपक्ष होइन हाम्रो पनि मुख्यमन्त्री हो । हामी गौरबका साथ भन्छौं । त्यसकारणले जुन कुरा गत सालमा भएन त्यसको सम्मान गरेन त्यसकारणले जनताले भने यो मुख्यमन्त्रीकोमा फोन गर्नु बेकार हो भन्ने कुराहरु समग्र तत्रतत्र जहाँ पनि आइसकेको हुनाले त्यसलाई कन्टिन्युटी गर्नु मलाई लाग्छ त्यति औचित्य हुदैन । अर्को मुख्यमन्त्रीको बारेमा अव म धेरै भन्न चाहँदिन । अर्को मुख्य न्यायाधिवक्ताको सन्दर्भ छ त्यसमा म के भन्न चाहन्छु भने निर्देशिका बनाउने यी चारचार पाँच पाँच ठाउँमा राखिएका छन् । त्यस सन्दर्भमा पनि अलि गम्भीर भएर हेर्ने हो उहाँले के निर्देशिका बनाउने हो ? उहाँले सरकारलाई कानूनी रुपमा परेको अप्ठ्यारोमा साथ दिने हो । उहाँले निर्देशिका बनाएर यो सरकारलाई बल पुऱ्याउने होइन जस्तो लाग्छ । जुन कुरा जे कुरा जसबाट आशा गरिन्छ त्यहि काममा लाग्नुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अर्को तीन नंबरमा आर्थिक मामिला तथा योजना मन्त्रालयअन्तरगत अध्ययनको सन्दर्भमा ९ वटा अध्ययन राखिएको छ । त्यसमा १ करोड, ६५ लाख रुपैंया राखिएको छ । उहाँले के अध्ययन गर्न खोज्नुभएको छ ? प्रष्ट हुनुपऱ्यो । त्यसपछि चार नंबर र छ नम्बरको सन्दर्भ मैले जोडें । चार नंबर र छ नंबरको सन्दर्भमा हेर्दा खेरी के देखिन्छ भने एकै छ केहि फरक छैन । एउटा चार नंबरमा भन्छ बेस लाइन मल्टिपल पर्पोज मल्टि इन्डिकेटर सर्भे गर्ने जसको लागि ४ करोड ५० लाख छुट्याउनु भएको छ । हामी पनि अलि अध्ययन गर्ने मानिस हो हामी पनि अनुसन्धान गर्ने मानिस हो । केहि ज्ञान त छ । त्यसो भएकाले मलाई लाग्छ माननीय मन्त्रीजीले यसमा सुधार गरेर तलको छ नंबरमा पेज नं. ३ बुदा नं. १० को प्रदेश कोष ऐन निर्माण जबजब मल्टिपर्पोज इन्डिकेटर

तपाईसँग छ अनि त्यसपछि फेरी अर्को त्यही प्रोफाइल बनाउनको लागि तेत्रो ५० लाख चाहिनुपर्ने कारण के हो ? यसकारण अब यो प्रदेशमा आएको जतिपनि नेपाली जनताको टाउकोमा रिन बोकेर आएको छ गरिब जनताहरुले सानो सानो कर तिरेर आएको छ त्यसको पनि सहि ढंगले सदुपयोग हुनुपर्छ र खर्च गर्दा एउटा खर्च गर्नको लागि खर्च गर्ने होइन जस्तो लाग्छ मलाई माननीय सभामूख महोदय, । त्यसकारणले यो चार र छ मा कसरी सुधार गर्नुपर्छ भन्नेतिर माननीय मन्त्रीजीले याद गर्नुहोस् नभए मलाई लाग्छ पाँच पाँच /छ छ करोडको तपाँईको नौ वटा जिल्लाको धेरैजसो तपाईको स्वेतपत्रमा प्रष्ट छ तपाईको केहि कुरा गर्नुभयो भने एक डेढ करोड फालाफाल हुन्छ त्यसमा सोच्नुहोस ।अर्को पाँच नंबर, पेज नं. ३ को बुदा नं. १४ मा अध्यावधिक योजना तर्जुमा गोष्टीमा उहाँले एक करोड पचास लाख राख्नुभएको छ । यो साच्ची उहाँले भन्नुपऱ्यो म नवै जिल्लामा गएर अथवा बत्तीसै वटा विवाजन क्षेत्रमा गएर अध्यावधिक जनताको कार्याशाला गोष्ठी गर्छु भन्नुहुन्छ भने यो पैसाको लागि ठिक छ हैन भने धनगढीमा मिटिङ गर्ने, केहि माननीय हरुलाई बोलाएर चिया नास्ता खुवाएकोमा अरबौ चाहिने? यहाँ भन्नु नपरोस् माननीय सभामूख महोदय, बहुतै गम्भीर कुराहरु यी कुराहरुलाई सोचेर अगाडी बढौं । हैन भने प्रष्ट लेखौं बत्तिस वटा निर्वाचन क्षेत्रमा अध्यावधिक योजनाको .... भने प्रदेशमा पचास लाख थपौं मेरो अनुरोध छ । अर्को त्यसपछि सुपथ पसल जो अठ्ठाइस वटा पालिकाहरुमा राख्ने कुरा हामीले सात करोड बयानब्बे लाख छुट्याइएको छ, विगतमा यहि आर्थिक बर्ष २०७५/०७६ मा सत्र करोड साठी लाख । त्यो के भो ? अहिलेसम्म मलाई लाग्छ केहि छैन । त्यसकारणले मलाई लाग्छ यदि सकिन्छ भने राखौं नभए पोहोर साल राख्याथ्यौ अहिले अलि कम गरेर राखौं , अर्को साल अझ कम गरेर राखौं भन्ने मलाई लाग्छ तपाईसँग खेल्ने बजेट छैन । खेलाची गर्ने बजेट छैन । त्यसकारणले यसलाई गम्भीर रुपमा सक्नुहुन्न काटिदिनुहोस् ।त्यो पैसा अन्य विकासमा अन्य सामाजिक कुरिती हटाउनेमा राख्नुहोस् मेरो अनुरोध ।

पेज नं. ८मा उद्योग, वाणिज्य, उपभोक्ता हीत संरक्षक निर्देशकमा बुदा नं. १० मा पनि छ उद्योग दिवस, ए यहाँ झण्डै झण्डै वत्ति बलिसकेको रहेछ । त्यसकारणले अब सम्मान गर्नैपर्छ मैले लामो बोले तर महत्वपूर्ण मैले सबै कृषि मन्त्रालय लगायत सामाजिक विकास मन्त्रालय लगायत भौतिक पूर्वाधारमा, भौतिक पूर्वाधारमा भन्नुपर्ने बहुतै दुई तीन वटा शिर्षक बहुतै गम्भीर शिर्षक छन् । ति विभिन्न म पेज मात्र दोहोऱ्याउन चाहन्छु डिटेल भन्न चाहँदिन । जसमा झण्डै सत्तरी करोडभन्दा बढीको बजेट विनियोजन गरिएको छ । जसमा बैंक, योजना बैंकबाट लिएर उहाँले क्याबिनेटमा निर्णय गर्ने त्यसपछि योजना बैंकमा आफूखुसी मान्छेहरुका योजनाहरुलाई बाँड्ने कुराहरु यहाँ प्रष्ट देखिन्छ । यत्रो गरिमामय सदनमा प्रस्तुत गरेको रातो किताबको यो हालत ? पूरै ठोस योजनाकारले बुझ्नैपर्ने कुरा विभिन्न चरण हुन्छ योजना बनाउन । कतिपय कुराहरु लुकाएर ल्याइनु हुँदैन । माननीय सभामूखज्यू म अन्तमा महत्वपूर्ण कुरा के छ भन्दाखेरी यसले आर्थिक वृद्धिदरमा त्यति टेवा पुऱ्याउने स्थिति छैन । सुध्रिनु जरुरी छ । उद्योग, पर्यटनका गौरबका योजनाहरु लगायत प्रदेश भित्रका विविध कुराहरुमा गम्भीर भएर अगाडी बढ्नु जरुरी छ त्यसकारण यो अहिले ल्याइएको आर्थिक बर्ष २०७६/०७७ को बजेट यो रातो किताब यसमा गम्भीर भएर सुधार्नु जरुरी छ । केबल बार्ता भएर समझदारी भयो भन्ने हिसाबले मात्र होइन, यो प्रदेशको हरेक नागरिकले आशा गरेको छ त्यस हिसाबले जाओस् र हरेक पाइ पाइ पैसाको सदुपयोग होस्, यहाँका गौरबका योजनाहरु विशेष गरी

त्यसलाई सम्मानीत हिसाबले जसरी हामीले सहमति सहकार्य गरेका छौं, त्यो अनुसारले अगाडी बढोस् र अन्तमा मेरो एउटै क्षेत्रको के छ भन्दाखेरी डीपिआरका कुराहरुलाई अगाडी राख्ने भनिएको कुरा थियो । खक्रौलादेखि लम्की सम्मको टिकापुर हुँदै डिपिआर बनिसकेको अहिले त्यसमा शुन्य बराबरको राखिएको छ । उता संकटिमा पुल झण्डै दुई करोडभन्दा बढीको थियो गत साल यहि आ.ब. छ तर आउदो सालमा डीपिआर बनिसक्दा पनि बहुबर्षिय योजनाहरु ल्याइएको छैन । त्यस्तै यावत ठाउहरुमा मेरो मात्र होइन यी प्रतिनिधीमूलक कुराहरु गरेको यी कुराहरुलाई गम्भीर भएर हेर्नुस् मलाई लाग्छ भोलीको दिनमा यो प्रदेश उन्नती प्रगतिमा अगाडी बढ्छ र सबै एकजुट भएर सबैको win win हुने situation हुनसक्छ । त्यसकारण एकतामा नै बल छ । धन्यवाद नमस्कार ।

**माननीय दिर्घ बहादुर सोडारी (समय १५ मिनेट)**

सभामूख महोदय; माननीय सुशिला बुढाथोकीका बुवा रामचन्द्र गिरी हिजो राति मात्रै १० बजे सेति अंचल अस्पतालमा ७५ बर्षको उमेरमा बित्नुभएको छ ७५ बर्षको उमेरमा स्वर्गीय रामचन्द्र गिरीप्रति हार्दिक श्रदान्जली ब्यक्त गर्न चाहन्छु । सुशिला बुढाथोकी माननीय ज्यू र वहाँको परिवारप्रति यहाँको पार्टि धनगढी उपमहानगरपालिका वडा नं. १४ नेकपालाई पनि हार्दिक सम्वेदना दिन चाहन्छु । माननीय सभामूख महोदय, हामी चौथो दिन आज बजेटमा छलफल गर्दैछौं । बजेट छलफल आज सकिन्छ र बजेट मलाई विश्वास छ सर्वसम्मतले पास पनि हुन्छ । हामी बजेटको बारेमा छलफल गरिरहँदा छलफल गर्ने अवसरमा आउनुभन्दा अगाडी प्रतिपक्षि दलका प्रमुख विपक्षी दलका नेता भरखरै बोलेर जानुभएको छ वहाँहरुले क्रान्तिकारी ढंगले रातो किताब जलाउनुभयो । यसलाई कालो बुक पनि भन्नुभयो वहाँहरुसँग मेरो त्यस्तो केहि छैन । लोकतन्त्रमा विरोध गर्न पाइन्छ । तर विरोधको कस्तो स्वरुप अपनाउने ? नेपाली कांग्रेसजस्तो धेरै पाको पुरानो, नेपालको लोकतान्त्रिक आन्दोलनमा धेरै ठुलो योगदान भएको पार्टि खास गरी लोकतन्त्रकै कुरा गर्ने हो भने हामी सबैलाई पढाउने पार्टी, खासगरी कम्युनिष्टहरुलाई लोकतन्त्रवादी नभन्ने पार्टीले जलाउनुहुन्छ कि हुन्न ? यो पटक त जलायौं मात्रै अर्को पटक के भन्ने सम्मका कुरा पनि माननीयज्युहरु भनि नै रहनु भएको छ । लोकतन्त्र र संसदीय मोडेललाई कुरा गर्ने हो भने जे संसदीय मोडेल हामी अपनाइरहेका छौं खासगरी बेलायती संसदीय मोडेलमा हामी अगाडी बढ्दैछौं यसका अनेक अवयवहरु छन् उतारचढावहरु छन् राजनीतिक यहाँसम्म आउनका निम्ति नेपालमा सत्र हजार भन्दा धेरै त जनयुद्धका नाममा मान्छेहरुको ज्यानको कथा हामी बिर्सेका छैनौं । कांग्रेसले हतियार उठाएको कुरा पनि थाहा छ । साविक एमालेले हतियार उठाएको कुरा पनि थाहा छ । तर आज कुन ठाउँमा छौं हामी ? आजको दिनमा जुन ठाउँमा छौं आज सुदूरपश्चिम प्रदेशसभा र सरकारले बजेट ल्याएको बेला जुन ठाउँमा छौं जुन अभ्यास गर्न खोज्दैछौं यस्तो अभ्यास यत्रो पुरानो पार्टी रणबहादुर जी जस्तो परिपक्व नेता, भरतदाई जस्तो माथि देखि तल बुझेकै नेता राजपाका, कृष्णबहादुरजीले हिजो कति राम्रो कविता पनि भन्नुभयो तर जलाउनु हुन्छ कि हुन्न ? जलाउदाको राजनीतिक संकेत र पछिसम्मको दुरगामी असर के पर्छ ? यतापट्टि वहाँहरुले सोच्नुपर्छ र यसले गलत नजीर, गलत संदेश र हामी लोकतान्त्रिक भन्नेको राजनीतिक आचरण शैली र व्यवहार अपनाउन नसक्ने त कतै भएनौं यतापट्टी सबैले खासगरी प्रतिपक्षी दल जिम्मेवार भएको कारणले यतापट्टी सोच्नुपर्छ भन्ने लाग्छ । अर्कोपट्टी हामी बजेटको बारेमा छलफल गरिरहेका छौं । आन्तरिक ढंगले,

बाह्य ढंगले र बजेट १ गते प्रस्तुत भयो, ५ गतेदेखि २२ गतेसम्म एकखाले अवरोध पनि भयो यसको बारेमा अनेक ढंगका छलफलहरु भए । खासगरी सत्तापक्षमा पनि सत्तापक्षका प्रमुख सचेतककै बाहिर मिडियामा छताछुल्ल आएको अवस्था देखिन्छ र आफ्नो मुख्यमन्त्रीलाई, सरकारको प्रमुखलाई, दलको नेतालाई सुटुक्क केहि माननीयहरुले यी यी कुरामा यसो यसो गर्नुपर्छ । यसलाई सुधार्नुपर्‍यो, परिमार्जन गर्नुपर्‍यो, बरु सुझाव दिनुपर्‍यो भन्ने कुरा राखिरहँदा मिडियाका साथीहरु यहाँ हुनुहुन्छ । धनगढीको मिडिया नेपालको मिडियालाई राज्यको चौथो अंगलाई हामीले धेरै टिकाटिप्पणी गर्न त पाइदैन । तर पित पत्रकारिता भन्ने शब्द पनि आउँछ कतै त्यसो गर्न पनि हुँदैन । कुनै पनि माननीयले त्यसो भनेको छ हेर्नु, सरकार ढाल्ने, अर्को गर्ने, अर्को गर्ने, अनेक ढंगले । जसरी बुझाई बाहिर प्रष्ट्याइन्छ, जसरी अस्ति साँघू भन्ने पत्रिका त्यो त आइरहन्छ फेरी मलाई त त्यो पछ्याइरहन्छ, केहि नेताहरु लेखिरहनुहुन्छ, अरु मान्छे लेखिरहन्छन्, त्यस्तो होइन । म पनि अलि पुछारपुछारतिर हस्ताक्षरकर्ता भएको कारणले आफ्नो अभिभावकलाई यसो यसो गरौं भन्ने कुरामा यसलाई तिललाई पहाड हुन्छ भन्ने थाहा थिएन । मिडियामा यति धेरै जान्छ भन्ने पनि थाहा भएन ।यसो गरौं भन्दा त्यसलाई जुन ढंगले उछालियो र उछालेपछि अलिअलि तरंगित आफ्नै साथीहरुको बिचमा ससंगित हो कि क्याहो, हो कि क्या हो भन्ने पर्न गएको छ, खासगरी सरकारमा भएका साथीहरु र केहि नेताहरुलाई जुन मिडियाले अरु बाहिरका मानिसहरुलाई माहोल बनाउन खोज्यो त्यो एकदमै निराधार र गलत हो भन्ने कुरा राख्न चाहन्छु र बजेटको बारेमा सबै बजेटको बारेमा, बजेटहरु आएर यसका तरंगहरु जानुपर्छ, तरंगहरु गएन भने यो हाम्रो प्रदेश सभा, प्रदेश सरकार, हामी नै लोकतान्त्रिक कर्णधार हौं । तरंग जानैपर्छ । यसका राम्रा पक्ष, नराम्रा पक्ष जानैपर्छ त्यसो भएको कारणले तरंग जानैपर्छ ।केहि तरंग आउनैपर्छ । त्यो स्वभावता आएको छ र बजेटले केहि समेट्नुपर्ने कुरामा ध्यान पुग्यो कि पुगेन ? म यहाँबाट उभिरहँदा सातवटा प्रदेश, सुदूरपश्चिम प्रदेश सरकारको बजेट, हाम्रो अर्थमन्त्रीज्यू, हाम्रो सरकार, एक बर्ष अगाडी यो बजेट पास गर्नेको सरकारको तर्फबाट बोल्ने मान्छे पनि भएको हिसाबले यो तेस्रो बजेट आइरहँदा मलाई अलि खिन्नता के मा लागेको हो भने हुनत अस्ती अर्थमन्त्रीज्यूले आफै भनिसक्नु भएको छ: सातै प्रदेशमा सबभन्दा सानो बजेट सुदूरपश्चिम सरकारको बजेट, त्यस्तो माननीय हिजको सदस्य भनिरहँदा अलिकति हामी महत्वाकांक्षी किन भएनौं बन्न सकिन्थ्यो । मैले पनि अर्थशास्त्रको विद्यार्थी भएको हुनाले पाँच छ अर्ब रुपैंया सामान्यतया बढाउन सकिन्छ । त्यो देखिराछु । त्यो अर्थमन्त्रीज्यूले पनि देखिराख्नु भएको छ । सरकारले पनि देखिराछ तर बजेट कार्यान्वयनको हिसाबले राम्रो हुन्छ । परिणाममूखी हुन्छ भन्ने ढंगले छोटो आएको अवस्था देखिन्छ । सानो भोलुममा आएको अवस्था देखिन्छ । त्यसलाई पनि नकारात्मक बुझ्न सकिदैन । तर नेपालभरी हेर्दा सबभन्दा सानो बजेट सुदूरपश्चिमको, त्यो चाँहि च्यास्स चाँहि त्यहाँको प्रदेश सभाको सदस्यको हिसाबले मलाई लागेको छ तर पनि हामी सबैभन्दा राम्रो कार्यान्वयन गर्ने प्रदेश, सबैभन्दा बढी कार्यान्वयन गर्ने सरकार, करिब करिब अगाडी बढिरहँदा त्यसलाई त्यहि हिसाबले बुझ्नुपर्छ । त्यसलाई त्यहि हिसाबले लैजानुपर्छ भन्ने लागिरहेको छ । अर्को हामी बजेट ल्याइरहँदा हाम्रो लक्ष्य कतापट्टी? हामी समाजवादउन्मुख भनिरहेका छौं । हिजो एकजना विपक्षीको मित्र भन्दै हुनुहुन्थ्यो साम्यवादी गन्ध आउने बजेट पनि भन्दै हुनुहुन्थ्यो त्यो साम्यवादी गन्ध आउने बजेट भएको भए त त्यहि आउनुपर्छ भन्ने हो मेरो कुरा चाँहि । यो कति समय भयो आएन । साम्यवादी गन्ध आउने बजेट हुनुपर्छ । साम्यवाद नकारात्मक भुतको कुरा छैन । जसरी हिजो साम्यवादलाई हिजो कम्युनिज्मलाई भुतपूर्व प्रचार गरियो र अरुतिर प्रचार गरियो, हामी त

त्यसलाई भूत होइन, त्यसलाई लक्ष्य मान्ने कार्यकर्ता भएको कारणले, कार्यकर्ताको सरकार भएको कारणले, त्यसलाई म्यान्डेड दिएको कारणले  त्यसको बढी गन्ध आउनुपर्छ त्यो बढी लक्षीत हुनुपर्छ भन्ने कुरा हो । त्यतापट्टी गयो कि गएन, जान सक्यो कि सकेन । अहिलेको पुजीबादी समाज पुजीबादी समाज मात्रै रहेन। दलाल पुजिवादी यसरी जकेडिदियो कि दलाल त के दलालको कुरा त माथि देखी तलसम्म स्थानीय तहसम्म हामी देखिनै रहेका छौं । कतै यो चंगुलबाट मुक्त हुन सक्दैनौं कि हामीलाइ यसैमा चिन्ता छ । यति दलाल पुजिवादको चंगुलबाट माथि उठेनौं भने यो दलाल पुजीवाद कांग्रेसको पनि मुद्धा होइन । वाहाहरु सिद्धान्तले समाजवाद हुनुहुन्छ । लोकतान्त्रिक समाजवादसँग हाम्रो त्यसमा केही बुझाइ छैन । त्यसमा हाम्रो राम्रै सम्बन्ध छ । तेलाइ हामी ठिकै ढंगले अगाढी बुझ्छौं । तर हामी जुन समाजवादमा अगाडी जाने समाजवाद भनेको आवश्यकता योग्यता अनुसारको काम आवश्यताअनुसारको दामको व्यवस्था गर्ने । सबै मान्छेलाइ योग्य सक्षम समर्जिवी उत्पादनको क्षेत्रमा लगाउने हरेकलाइ काम दिने भनेको समाजवाद हो । तर हामी दिन सक्छौं कि सक्दैनौं प्रश्नहरु अहिलेपनि हाम्रा दाजुभाइ भारतमा कुदिरहेका छन् । अहिलेपनि खाडीका मुलुकतिर दोडिरहेका छन् । लाखौं मान्छे यतापट्टि छन् अहिले बेरोजगारीको समस्या देखिरहेको छौं । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका कुरा पनि अहिले मिडियामा आइनै रहेका छन् । हामी तेतापट्टी जानु सकेका छौं कि छैनौं । संघीय सरकारको बजेट हाम्रो बजेट हाम्रो स्थानीय तहहरुको बजेट यतापट्टी हो कि होइन भन्ने प्रश्नहरु खडा भइरहेका छन् । यतिपट्टी पुगेन भन्ने हो । समाजवादको गन्ध साम्यवादको गन्ध बढी नै आएनुपर्यो भन्ने बुझाइ हो । तेतातिर फैरिपनि खासगरी प्रतिपक्ष दलका साथिहरुले तेतापट्टि त्रसिरहनुपर्ने हिजो युरोपको भुत जस्तो अहिलेपनि मानीरहेनु पर्ने अवस्था छैन । किनकी यो मुलुकमा अहिलेको परिवर्तनको नेतृत्वको गर्ने परिवर्तन ल्याउने पनि कम्युनिष्टहरु हुन् । तपाइहरुलाइ थाहा छ २०६३ सालसम्म जतिपनि परिवर्तनहरु ल्यायो । गणतन्त्रस्थापना देखी संघीयता ल्याउने यसको आधार बनाउने कम्युनिष्टहरुले ल्यायो । तै कम्युनिष्टको नेपाली नाम नै साम्यवाद। र साम्यवादसँग धेरै त्रसिनुपर्ने भन्दापनि त्यसलाइ नजिक जानुपर्ने नै हो । तेतापट्टि हाम्रा बजेटहरु हुनुपर्ने छ र अरुपट्टि हामीले खासगरी वर्गिय पक्षधरतामा आधारित वर्गिय पक्षधरतामा त्रसिनु पर्ने कुरै छैन । कमजोर निमुखा मान्छेहरु अधिकारबाट विहिन मान्छेहरु त्योसँग सम्बन्धित जातजातका मान्छेहरुप्रति हाम्रो बजेटले पुगेन । अघि रणबहादुर जि कुरा गर्दै हुनुहुन्थ्यो । सामाजिक विकास मन्त्रालयमा कति छ बजेट हामीले भनेको भुमीको चर्को व्यवस्था गर्छु भनेको बजेट कतिवर्ष ५/७ प्रतिशत बजेट त्यसपछि अब पर्यटन उद्योग वन वातावरण त्यो त हामी सबैको चर्चाको विषय बजेट कति प्रतिशत बजेट यताबाट आखा लगाइरहदा हामी तेतापट्टि जान सकिरहेका छौं कि छैनौं । तर यसको कुरा गरिरहदाखेरी हामीले कानून र मेकानिजमको समस्या सबै तिनओटै बजेटमा हामी देखिरहेका छौं । खासगरी उद्योग पर्यटन मन्त्रालय पूर्वाधार तथा भौतिक मन्त्रालयले खासगरी आफ्नो मेकानिज्मलाइ अगाडी बजेट कार्यान्वयनको गतिमा अगाडी बढाउन सक्यो । अरु मन्त्रालयहरु त्यसरी अगाडी बड्न नसकि रहेको अवस्था छ । त्यसका निम्ति हाम्रो मात्रै हाम्रो प्रदेश सरकारको मात्रै छैन । खास गरी हाम्रो संघीयता नेपालको संघीयताको कारणले हो नगर्ने । दृण इच्छा र म भन्न विवस छु सुदूरपश्चिम मात्रै होइन । प्रदेश संघहरुलाइ Total बजेटको Total नेपालको बजेटको स्थानीय तह प्रदेशलाइ बजेट छुट्याउदा ३०प्रतिशतभन्दा तल तिन खाले सरकार बनेको छ । तिन खाले सरकारभन्दा पनि तल स्थानीय सरकार प्रदेशलाइ २९ प्रतिशत तल बजेट छुट्याइन्छ । त्यो हुनत संघीयताको पूर्वावस्थामा सिकाइको अवस्थामा छौं ।

डेड दुइ समय वर्ष भइसक्यो संघीयताका मोडेलहरु अगाडी आइरहेका तर जुन ढंगको बजेट संघीय सरकारले बजेट वितरण गरेको छ । जुन ढंगले बजेटहरु छुटिइरहेको छ जति सुकै गफगरेपनि अठाइस अरब १६ करोड जतिसुकै गफ गरेपनि १३/१४ अरब मात्र विकास  गर्न पाउने । १३/१४ अरबले जति सुकै मैले भनेको पनि अलिअलि बढाउने /अरब एउटै योजनाहरुमा एउटै गौरबको योजना पनि १५/१६ अरब भन्दा माथि पर्छ योजना चलाउन । त्यस कारणले हामी गर्न सक्छौं कि सक्दैनौं । त्यस कारणले हामी यो मामलामा हामी यसरी संघीयतालाइ कार्यान्वयन गर्ने प्रदेशहरुलाइ बचाउने र प्रदेशको भूमिकालाइ अगाडी बढाउनेहो भने यसमा हामी सकारात्मक भएर अगाडी बढ्नुपर्नेछ र अहिले पनि संघीय सरकार र केन्द्रमा खासगरी कर्मचारीहरु त्यसको नेतृत्वगरिरहेका जो यथास्थितिमा रमाउने जो केन्द्रिकृत शासन प्रणालीमा रमाएकाहरु अहिलेपनि तल उनिहरु दिने र स्थानीय तह लिने वातावरण बन्दै छ यो । यो साझेदारी सहकार्य सहअस्तित्वका आधारमा अगाडी बढ्ने भनिएको छ संविधानमा स्फिलिड छ त्यो भन्दापनि दिने र लिनेको अवस्था सृजना भन्दा माथि उठ्नुपर्ने छ । त्यसका निम्ति सबै प्रदेश सरकार प्रदेश संसद हामी सबै जनतालाइ लैजान पर्ने छ । यदि हामी लिन सक्नेछौं भने हाम्रो औचित्य केही समयपछि सकिनेछ । डाइनासोर कसरी सकियो । चल्न नसकेपछि इतिहासमा लोप भयो । जसरी हामीलाइ पनि संघीयतालाइ प्रदेशलाइ बजेटको वितरणको अवस्था हेरिरहदा कतै यसलाइ तै ढंगले लिन त खोजिएको छैन तै ढंगले गर्न त खोजिएको छैन । थोरै रुपैया दिने अथवा आपसमा लडाइ सृजना गरिदिने र माथिकाले प्रदेशले गरेन भन्ने प्रदेशको बजेटमा यसतो गरेन भन्ने र प्रदेशले केही गरेन भन्ने जनतामा असन्तुस्टि पैदा गरेर जनतालाइ नै त्यो ढंगको बातावरण सृजना गर्ने वातावरण एकखाले बनिरहेको छ । यसप्रति हामी एउटा गौरवान्वित प्रदेश सभा सदस्य प्रदेश सरकार नेपालमा इतिहासमा पहिलोचोटी संघीयता त्यसको पनि बेलायति मोडेलको यो ढंगको लोकतन्त्रिक अभ्यास हामी गरिरहेका छौं । यसमा धेरै प्रश्नहरु खडा भइरहेका छन् । यसप्रति हामी सबै सचेत हुनुपर्नेछ अगाडी बढ्नुपर्नेछ । खासगरी हाम्रो सरकार प्रदेश सरकार जुन ढंगले ३ वर्ष तेश्रो बजेटमा जसरी परिपक्क ढंगले आफुलाइ अगाडी ल्याएको छ बजेट कार्यान्वयनमा र बजेट ल्याउने गतिमा अरु गतिमा अब बजेटहरु थप कार्यान्वयनमा अब लैजाने कुरामा सरकार परिपक्क बन्दै अगाडी बढिरहेको छ । सरकारका सबै गतिविधिले सरकारमा भएको बजेटले त्यो देखिन्छ । र यसका Limitation हरु सबै किसिमका सिमाहरु हुन्छन् । सबै पूर्णता हुँदैनन् धेरै मान्यज्यूहरु प्रमुखप्रतिपक्षीज्यूहरुसँग एकखालको छलफल भएको छ र माननीयहरुले खासगरी सत्तापक्षका माननीयज्यूहरुले पनि कुरा गर्नुभएको छ । सरकार भनेको सबैको हो । सत्ता पक्षका माननीयहरुको मात्रै छलफल गर्ने प्रतिपक्षको नगर्ने भन्ने होइन । किनभने लोकतान्त्रिक सरकार सरकारभनेको प्रतिपक्षलाइ साथमा लैजाने वाहाहरुसँग सहमति गर्ने र वाहाहरुका सहमति लाइ पनि दृढतापूर्वक कार्यान्वयन गर्नुपर्छ । किनभने सरकार भनेको हामीसबैको अभिभावक हो जसलाइ प्रतिपक्षसँग गरेको छलफल सहमति सहकार्यका निम्ति सरकार धन्यवादको पात्र छ । प्रतिपक्ष दलका नेताहरु दुइटै पाटीका साथिहरुलाइ पनि हार्दिक धन्यवाद दिन चाहान्छु जुन ढंगले हामी वातावरण अघी बढाएर बजेटलाइ सर्वसम्मतबाट पारित गर्ने वातावरण हामी बनाइरहेका छौं । त्यसका निम्ति पनि हामी धन्यवाद दिन चाहान्छु । र खासगरी सत्ता पक्षका माननीयज्यूहरु र तिललाइ पहाड बनाउने मिडियाका साथिहरु । सुदूरपश्चिम के प हुनथाल्यो काठमाडौमा पनि अहिले हल्लाखल्ला हाम्रै छ । वाहाहरुलाइ धन्यवाद दिनुपर्छ । त्यसैमा पनि एउटा पुछारतिरको अवस्था होइन भन्ने कुरा तपाइहरुलाइ राम्ररी भन्न चाहान्छु र हाम्रो भनाइ मात्रै के छ सरकार परिपक्क छ थप आफ्ना

बजेटहरुलाइ कार्यान्वयनको गतिमा अगाडी लैजानका निम्ति के के सिमाहरु छन् तेसलाइ थप अगाडि बढाउन सत्ता पक्ष प्रतिपक्षका सबै माननीयहरुले त्यसलाइ कसरी अगाडी बढाउने भन्ने रुपमा अगाडी बढेको अवस्था हो । तेसलाइ त्यै ढंगले अगाडी लिनका निम्ति म हार्दिक अपिल गर्दै सबै हाम्रो सरकार अबको एक वर्षमा आफ्ना मिसन सहित माननीयज्यू आफ्ना सत्ता पक्षका माननीयज्यूसँग परामर्श छलफल गर्ने अरु बाहिर परामर्श छलफल गर्ने र हामीलाइ प्रश्न खडा गयौं खासगरी संघीयता मै प्रश्न खडा रहेको कुराहरुलाइ राम्ररी जवाफ दिनका निम्ति काम गरेर राम्ररी जवाफ दिनका निम्ति सरकार त्यै ढंगले दृढताका साथ अगाडी बढोस यै शुभकामना छ धन्यवाद ।

**माननीय कुमारी नन्दा वम**

सभामुख महोदय, यस सदनमा दुई तीन दिन देखि आर्थिक बर्ष २०७६/७७ को बजेटमा गहन छलफल भईरहेको छ । यो बजेट ल्याउनुको पूर्व सन्ध्यामा सुदूरपश्चिम प्रदेशका माननीय मन्त्रीज्यूहरुले के सत्ता पक्ष के प्रतिपक्ष सबै माननीय मन्त्रिज्यूहरुलाई आफ्नो कार्यकक्षमा बोलाई गहन छलफल गर्नुभएको थियो र भन्नुभएको थियो यसपालिको बजेट पृथक ढंगबाट आउछ र हामीले सोधेका थियौं यो फरक र पृथक ढंग भनेको के हो यसलाई हामी स्पष्ट गरिदिनुहोस भनेर सोधेका थियौं र भन्नुभएको थियो गत बर्ष धेरै झिना मसिनाहरु बजेट आए अब हामी यस बर्ष प्रदेश देखिने खालका गौरब हुने खालका बजेट ल्याउनुपर्छ त्यसर्थ यहाँहरुले योजना ल्याउनुपर्दा मिनिमम पचास लाखभन्दा माथीका योजनाहरु ल्याउनुहोला भनेर भन्नुभएको थियो र हामीले त्यसमानेमा पनि भनेका थियौं आवश्यकताअनुसार योजना माग हुनुपर्छ सबैका समस्या पचास लाखकै नहुन सक्लान् कुनै समस्या दश लाखदेखि पनि हुन सक्लान् । त्यसमानेमा पन्ध्रदेखि मिनिमम स्टार्ट गर्दा के हुन्छ भनेर हामीले भनेका थियौं । उहाँले भन्नुभएको थियो अहँ यो हुँदैन । र कुनै कुनै मन्त्रालयमा त मन्त्रालयका सचिवज्यूले तपाँई माननीय हरु कस्तो कुरा गर्नुहुन्छ सानातिना योजना त स्थानीय सरकारले बनाउने हो हामीले बनाउने होइन भनेर चर्को हामीसँग डिस्कस्ट पनि भएको थियो । त्यसपश्चात सुदूरपश्चिम प्रदेशको बजेटको बक्तव्य असार १ गते माननीय अर्थमन्त्रीज्यूको मुखारविन्दुबाट यस सदनमा प्रस्तुत भयो त्यसपश्चात हाम्रो हातमा रातो किताब पऱ्यो र सरसर्ति रातो किताब हेर्दा बजेट त एक हजारदेखि माथिका पो रहेछन् । पाँच हजारका पनि भेटायौं, दश हजारका पनि भेटायौं । विस हजार, अठ्ठाइस हजार, तेत्तिस हजार, चालिस हजार, पचास हजारका त प्रत्येक पानामा छन् । यदि यस्तै हुन्थ्यो भने हामीसँग किन यस्ता कुरा गरिएको थियो । त्यस अर्थमा यो रातो किताब जलाइएको पनि थियो । त्यति मात्र थिएन बजेट दुईचारजना टाठाबाठा र पदाधिकारीमूखी बजेट पनि आएको छ । छ्यापछ्यासी अहिले मिडियामा आइरहेको छ । बजेट बजेटको सिद्धान्तभन्दा विपरित आएको छ । यस सदनका माननीय सदस्यहरु जनताका प्रतिनिधी हुन् । वहाँहरुले जनताबाट माग भएका योजनाहरु पेश गरेका हुन् । यदि ती योजना अवैध हुन भन्देखिन टाठाबाठा र पदाधिकारीहरुले मात्रै बजेट ल्याउने हो भन्देखिन यस सदनमा यो बजेट ल्याइराख्न कुनै जरुरी थिएन । कुनै एउटा मन्त्रालयमा वक्तव्य दिए पनि हुन्थ्यो । यी सबै कुराहरु न यसमा समानुपातिक समावेशी ढंगबाट आएको छ, न कुनै जनताका योजनाहरु समेटिएका छन्, ठुल्ठुला कुराहरु गरिएको थियो बजेट ल्याउनुभन्दा अगाडी, यसपालि त एलएमबिएस सिष्टमबाट पो ल्याउँछौं भनेर । यो कुनै नौलो कुरा थिएन । केन्द्रिय सरकारमा यो सिष्टम पहिले देखि चल्दै आएको थियो । ठिक छ

यसपाली एलएमबिएस सिष्टमबाट सुदूरपश्चिमले पनि ल्याउँछ भने त्यो राम्रो कुरा हो भनेर भनेका थियौं । त्यहाँनेर एउटा कुरा के थियो भन्देखिन सात गतेसम्म एलएमबिएस सिष्टमको अन्तिम डेट, यस गरिमामय सभाका माननीय सदस्यज्यूहरुलाई जानकारी आठ गतेदेखि थियो र हामीहरुले ल ठिक छ तपाईको सात गते नै तपाईको एलएमबिएस सिष्टम हामी त चुक्यौं भन्दा हैन केहि स्पेस यहाँहरुको लागि पनि राखेका छौं भन्नुभयो ।न आज त्यो सिष्टमबाट आएको एलएमबिएस सिष्टमको हामीले देख्न पायौं, न कुनै त्यो स्पेस राखेको ठाउँमा पनि हाम्रा बजेटहरु देख्न पायौं । त्यस अर्थमा यो रातो किताबका कुराहरु आएका हुन् ।

सभामूख महोदय, यहाँ धेरै कुराहरु आए हिजो अस्तिदेखि, विभिन्न करप्सनका कुराहरु पनि आए, यो भन्दै गर्दा प्रतिपक्षीलाई यसको जिम्मेवारी र यसको ठेक्का दिएका हौं भन्नेजस्ता कुराहरु गरे । म यसमा सहमत हुन सक्दैन । हो करप्सनका कुराहरु थुप्रै आएका छन् । म एउटा सार्वजनिक लेखा समितिको सभापतिको हैसियतले भन्न चाहन्न, त्यो कुरा म सार्वजनिक समितिको कार्यालयमा नै गर्छु । धेरै कुरा यहाँ भनिराख्दा उपयुक्त नहोला । यसमानेमा साथीहरुले कोट्याइहाल्नुभयो र केहि कुराहरु म राख्न चाहन्छु जस्तैः अहिले हाम्रो बजेट कृषिलाई प्राथमिकता दिएको छ यो गौरबको कुरा हो । हामीसँग आज एउटा आंशिक बजेट, दुईटा फुल बजेट गरेर तेस्रो बजेटको हामी छलफलमा छौं । र जुन आंशिक बजेट ७४/७५ को आएको थियो, त्यसमा मैले कृषि मन्त्रालयको उदाहरणको लागि मात्रै दुईटा सम्झौतापत्र यहाँ लिएको छु र म भन्न चाहन्छु यो शिर्षक थियो सम्भाव्यता अध्ययनको कृषि मन्त्रालयको, सम्झौतापत्रमा छ बजेट उल्लेख भएको छैन, जिल्ला मात्र उल्लेख भएको छ । मैले दार्चुला र बाजुराको मात्रै ल्याएको छु यो उदाहरणको लागि मात्रै हो र यसमा मात्रै जिल्ला दार्चुला छ दार्चुला जिल्लाको कुन गाउँपालिका र कुन वडा भन्ने यसमा खुलेको छैन ।त्यतिमात्रै होइन सभामूख महोदय, सम्झौतापत्र भनेको दुई पक्षको समझदारीमा बन्ने सम्झौतापत्र हो । त्यसमा लिनेको मात्रै छाप छ, दिनेको छाप छैन । यहाँ हेर्न सक्नुहुन्छ र बजेट कति हो भन्ने कुरा पनि खुलाएको छैन । भनिन्छ आज डिजिटलको युग हो भनेर यहाँ कन्ट्याक्ट नम्बर पनि छैन । यदि हामीले सार्वजनिक लेखाको हैसियतले यसलाई निरिक्षण गर्न जाने हो भने दार्चुला जिल्ला र बाजुरा जिल्ला भौगोलिक विकटता भएका दुईटा बृहत जिल्ला हुन् । हामीले कहाँ खोज्दै जाने? हामीलाई छ महिना लाग्छ यो खोज्न जाँदा । त्यसर्थ, यसमा यो पुरै उल्लेख हुनुपर्छ कि पर्दैन । त्यसैले एउटा कुरा के छ भने सबै जति पनि सम्झौताको डेट छ १४ गते मात्रै भएको छ त्यति मात्रै होइन ९ दिनभित्र यसको विल पेमेन्ट भएको छ । बाजुरा जिल्ला कैलालीबाट डिस्टेन्सनमा कति टाढा छ? ठिक छ बाजुरा जिल्लालाई त छोएर आउन सकिन्छ तर त्यो सम्भाव्यता अध्ययन कहाँ कहाँ गर्नुपर्छ ? कुन कुन समुदायमा गर्नुपर्छ? शितभण्डारको सवाल हो शितभण्डार कहाँ कहाँ राखिन्छ? खुसी लागेको छ यसमानेमा नौ वटा जिल्लामा सम्भाव्यता अध्ययन शित भण्डारको राखिएको छ । यो ७४/७५ को थियो । र ७५/७६ को बजेटमा यसै शितभण्डार नै शुरुवाती पनि भएको होला । शुरुवातिको पिरेडमा त हामीलाई जानकारी भएन अब यसको समापन पनि हुन्छ होला समापनमा त हामीलाई पनि जानकारी दिनुहोला । अर्को खुशी किनभने आज छ्यापछ्यासि बजारमा विषादी तरकारीहरु स्लोपोइजन हामीले युज गरिरहेका छौं चाहे धनी होस्, चाहे गरिब होस् सबको भान्छामा त्यहि विषादि पाक्छ त्यो तितो सत्य हो, यथार्त हो । यस मानेमा म के भन्न चाहन्छु भने हामी अब अर्गानिक तरकारी शित भण्डारमा राखेको तरकारी खान पाउने भयौं त्यो कहिलेदेखि हो? अनि यसै सन्दर्भमा म अर्को केश जोड्न चाहें मेरो मोबाइलमा अस्तिदेखि फोटोसहित आएको थियो, कंचनपुर जिल्ला बेदकोट

नगरपालिका वडा नं. ७ पुजा पौडेलको जग्गामा ८ लाखको तटबन्धनको योजना मात्रै पुजा पौडेलको जग्गाको एरियामा मात्रै छ एक इन्चि पनि यता छैन, एक इन्चि पनि उता छैन । यताको पनि फोन आएको थियो, उताकोले पनि फोन गरेको थियो । यो कस्तो बजेट हो? यो हाम्रो जमिनमा छुदैं नछुने भनेर । यसमा महेन्द्र महता भन्ने उपभोक्ता समितिका अध्यक्ष थिए मैले यो कुरालाई छस्याक्क छोएको मात्रै हो डिटेल रुपमा यी समग्रको अध्ययन गरेर यसको प्रतिवेदन सभापतिको हैसियतले यस सदनमा म प्रस्तुत गर्ने नै छु । त्यसपछि म अर्को कुरा के भन्न चाहन्छु भने थुप्रै कुराहरु आउँदै गर्दा यहाँ हाम्रा माननीयज्यूहरुले हिजो भन्नुभयो यस सदनमा चाहे महिला हुन्, चाहे दलित हुन्, चाहे फरक क्षमता भएका व्यक्तिहरु, केबल हाम्रो कारणले मात्रै उपस्थिति भएका छन् भनेर । सभामूख महोदय, हामीलाई याद छ ६२/६३ को ऐतिहासिक जनआन्दोलनको लिडरसिप कसले लिएको थियो? ६२/६३ पछि २०६४ सालको संविधानसभाको इलेक्सन भयो, स्वभाविक रुपमा प्रचण्ड बहुमत यो मुलुकमा आएको थियो । त्यसको प्रधानमन्त्री समेत प्रचण्ड हुनुभएको थियो । त्यतिमात्रै होइन, चारवटा प्रधानमन्त्री फेरिए, यो मुलुकलाई संविधान दिन सकेन । त्यसपश्चात विडम्वना संविधानसभा डिजर्व भयो र नेपाली जनताले विश्वास गऱ्यो नेपाली कांग्रेस पहिलो पार्टी भयो । भीष्म पितामाहाजस्तो स्वर्गीय सुशिल कोइराला यो मुलुकको प्रधानमन्त्री भयो । यसको लिडरसिप संविधानसभा नेपाली जनतालाई हस्तान्तरण गर्ने लिडरसिप कसको थियो? त्यो सुशिल कोइराला कुन पार्टीका थिए ? मैले छ्यास्स छोएको मात्रै प्रशंगबस छोएको मात्रै हुँ यसै क्रममा जुन अहिले हामी समानुपातिक सिद्धान्तबाट आएका छौं सबै दलबाट समानुपातिक सिस्टमबाट आआफ्नो दलमा भोट हाल्ने भनेको पनि थियो । मेरो दलमा फरक क्षमता भएकोमा सिफारिस मलाई गरेको थियो । पूर्व एमालेको पार्टीबाट पनि म ठ्याक्कै नाम थाहा छैन र पूर्व माओवादीबाट पनि सिफारिस भएको थियो । खै यो सदनमा फरक क्षमता भएका कृपया तपाईहरुका दलका माननीय ज्यूहरु हामीलाई पनि देखाउनुहोस् यदि त्यो हैन भन्देखिन के नन्दा बमलाई यहाँहरुको पार्टीले सिफारिस गरेको हो? यसको पनि मलाई जवाफ चाहियो धन्यवाद ।

**माननीय गोविन्द राज बोहरा**

माननीय सभामूख महोदय, धेरै दिन अवरोधका बावजुत सरकार र प्रतिपक्षी दल नेपाली कांगेस र राजपाका बीचमा जुन असमझदारी उत्पन्न भएको थियो,त्यो असमझदारीलाई एउटा वार्ताका माध्यमबाट एउटा समझदारीमा पुऱ्याएर आज सदन सु-संचालन गर्नका लागि सरकारले जुन पहल गऱ्यो, एउटा प्रजातान्त्रिक, लोकतान्त्रिक मान्यता राखेर जुन पहल गऱ्यो, त्यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छु । बजेटका धेरै ठुला व्याख्या भए, साच्चीकै रातो किताब किन जलाइयो? त्यसको पनि चर्को कुरा आएको छ । रातो किताब रेड बुक हामीले त्यसै दिन संज्ञा दिएका हौं यो ब्ल्यांक बुक हो यसमा धेरै कुरा लेखिएको छैन । घरभित्र राखिएका केहि लेखिएका पानाहरु पनि यदि वेष्टेज पेपर हुन्छ भने त्यलाई जलाइन्छ । दुईटा अधिवेशनमा हामीले बजेटको छलफल गऱ्यौ । दुईटा बजेट हामीले यो भन्दा अगाडी छलफल गऱ्यौं ।त्यो कति लागु भयो यो प्रदेशमा भएन त्यसलाई हेर्न खोजेको हो । सरसर्ति त्यो हेर्दा खेरी एक हजारका बजेटदेखि लिएर अगाडी बढ्यो किताब, त्यो किताबमा कुनै तात्विक अन्तर देखिएन । तात्विक अन्तर नदेखिएपछि यो प्रदेशले कसरी यो बजेटलाई जनताका पक्षमा सदुपयोग गर्छ, जनताका पक्षमा जान्छ कि जाँदैन भन्नेमा हामीलाई शंका लाग्यो र सरकारसँग त्यहि कुरा हाम्रो मिलेन, विचार मिलेन । त्यो नमिल्नुका कारण हामीले त्यो किताब जलाएका हौं ।

र त्यसमा सरकारसँग वारम्वार वार्ता भए, राम्रै छलफल भयो, गौरवका योजना समेट्नुपर्छ भनेर प्रतिपक्षले एउटा प्रतिवेदन पेश गऱ्यो । हामीले पेपर.. पनि दियौं । गौरवका योजनाहरु भन्दा खेरी हिजोका छलफलमा केहि कुराहरु उठे, साँच्चीकै गौरवका योजनाहरु जति हामीले लेख्यौं, संघीय सरकारले प्रतिनिधित्व गरेको छ अथवा प्रदेश सरकारले प्रतिनिधित्व गरेको छ भनेर हिजो कुरा उठे । साँच्चीकै संघीय सरकारले यो भन्दा अगाडी दैजी जोगबुढा सडकलाई प्रतिनिधित्व गरेको थियो, फाष्ट ट्याक यो खुटियालाई प्रतिनिधित्व गरेको थियो पछि छोडिदियो यो प्रदेशलाई जिम्मा दियो । पश्चिम सेतिको कुरै उठाएको छैन । करिडोरको कुरा उठाएको छैन । एउटा सानो बजेट हालेको छ, आज हाल्छ भोलि संघीय सरकारले छोडिदिन्छ के प्रदेश सरकारले यसको जिम्मेवारी नलिने? प्रदेशले यी सम्पूर्ण जति हामीले उल्लेख गरेका छौं गौरवका योजना त्यसलाई प्रदेशले आफुले जिम्मेवारी लिएर अगाडी बढाउनुपर्छ । संघीय सरकारले कति बनाउँछ? संघीय सरकारले बनाएका कुरामा कहिँनेर रोक्छ भने त्यहाँ प्रदेश अगाडी बढ्नुपऱ्यो । संघीय सरकारसँग ती गौरवका योजनाका लागि पहल अगाडी बढाउनुपऱ्यो । बुढीगंडकि नेपाल सरकारले बनाउने विगतको सरकारले निर्णय गरेको थियो ।अहिलेको सरकारले त्यो बुढीगंडगी कुनै टेन्डर नगरिकन एउटा चाइनिज कम्पनीलाई दियो । अस्ति पनि त्यसको न्युज आइसक्यो अव त्यो कम्पनीले नबनाउने भयो । लथालिंग भयो । त्यसरी लथालिंग यो योजनाहरु गए भने यो प्रदेशको भविष्य कहाँ जान्छ? त्यसैले हामीले यो योजनाका कुरामा कुनै व्यक्तिगत योजनालाई प्राइरिटि दिएर अगाडी बढेका होइनौं ।त्यो योजना यो प्रदेशको गौरवको योजना हो । पश्चिमसेति यो प्रदेशको गौरव हो । यहाँका केरिडोर जति बनाउँदै छौं कर्णाली केरिडोर, यहाँका हाइवेहरु जति कुरा उल्लेख गरिएका छन् यहाँको प्रदेशको गौरवको कुरा हो । ती गौरवका कुरालाई केन्द्रिय सरकारले पनि इग्नोर नगरोस् त्यसलाई विर्सने काम नगरोस् । एकचोटी त्यसलाई आफ्नो हातमा लिने, त्यसपछि म सक्दैन भनेर प्रदेशको जिम्मा फाल्दिने । सुदूरपश्चिम प्रदेशलाई हेर्ने दृष्टिकोण फरक छ । सुदूरपश्चिम प्रदेशलाई यदि संघीय सरकारले सहि तरिकाले हेरेको भए त्यहि किसिमको बजेट सुदूरपश्चिममा आउथ्यो होला त्यो पनि आउन सकेन अझ भनौ भने पहल गर्दाखेरी अन्य प्रदेशमा बजेट अझ थप्पिएका छन् सुदूरपश्चिममा ति बजेटहरु थप्पिने प्रक्रिया पनि कहिँ देखिएको छैन । त्यसैले सुदूरपश्चिमलाई बनाउनका लागि म सरकारसँग एउटा महत्वपूर्ण आग्रह गर्न चाहन्छु हाम्रो यो बजेटमा पनि कहिँ उल्लेख भएको छैन, केन्द्रिय बजेटमा पनि कहिँ उल्लेख भएको छैन हामी यो प्रदेशमा जबसम्म यो दुईटा नाका गौरीफन्टा र यो बनवासा खोल्न सक्दैनौं तबसम्म हाम्रो प्रदेशको उन्नती हुन सक्दैन । आज त्यसको अर्थ के देखिएको छभने पहाडबाट जति जडिबुटी आएको छ हामी सप्लाई गर्दैछौं विदेशमा भारतमा जाँदैछ, त्यो कहाँबाट जाँदैछ भन्दाखेरी नेपालगंजबाट जाँदैछ । नेपालगंजको भन्सारमा यदि त्यो जडीबुटी जान्छ भने त्यसको रोयल्टी के सुदूरपश्चिम प्रदेशले पाउँछ ? दालहरु आउँदैछ इंडियाबाट हामी भैरहवाबाट ल्याएर यो धनगढीमा दाल मिल्छ यो नाकाहरु बन्द छन् । त्यहाँबाट आएको दाल हामीले खानु परिराछ गौरीफन्टा र बनबासाबाट आउँदैन ।त्यसैले यो प्रदेशको उन्नती गर्ने हो भने हाम्रो प्रदेशले ठुलो पहल गर्नुपऱ्यो यो दुइटा नाकालाई सक्षम बनाएर यो प्रदेशलाई अगाडी बढाउने कुरामा जानुपर्यो भने मेरो आग्रह हो । हिजो केहि माननीय साथीहरुको बिचमा कुरा उठेको छ मलाई एउटा कुरा गजब लाग्यो, इतिहास हामीले पनि पढेका छौं । जनयुद्ध हुँदैन, पार्टीको युद्ध होला, माओवादी युद्ध होला हामी जनयुद्धबाट होइन जनक्रान्ति हुन्छ । माओत्सेतुङ्गले चीनमा कृषि क्रान्ति गर्दाखेरी एउटा आन्दोलन गऱ्यो कि कुनै कृषकको कुनै एउटा सियो पनि नबाच्नु तर कृषकको उन्नती गर्नुपऱ्यो भनेर एउटा

क्रान्ति गऱ्यो आज प्रशंग फड्को माऱ्यो । यहाँ जनयुद्ध भनेर जनयुद्धबाट सबै कुरा आएको हुन्न। यहाँ संघीयता जनयुद्धबाट आएको होइन । साथीहरु मैले पनि इतिहास पढेको छु । यो जतिबेला संघीयताका कुराहरु उठे, हामी त्यसमा खेलेका व्यक्ति हौं कुनै इतिहास पढ्नुपर्ने आवश्यकता छैन । जनयुद्ध जब मधेस आन्दोलन चर्क्यो, मधेस आन्दोलन चर्किसकेपछि संघीयताको कुरा उठेको हो । यो कुनै पार्टीले हामीले गरेका हौं भनेर दाइजो लिनुपर्ने अवस्था छैन । त्यसैले यदि जनयुद्धबाट सबै कुरा यो पार्टिगत नाताले लिने कुरा अलग छ, तर जनयुद्धबाट यो संघीयता आएको हुन्न । यसको स्टक्चर, नेपालको राजनीतिक स्टक्चर फेर्नका लागि साच्चीकै भन्ने हो भने सबै नेताहरु बसेर यहाँको जनआन्दोलन भएको हो ६२/६३को आन्दोलन र त्यसको नेपाली कांग्रेसले नेतृत्व गऱ्यो । हिजो भनियो, त्यो जनयुद्धबाट आज लोगो लाउनुभएको छ । यदि जनयुद्धबाट लगाएको भए यो लोगो भए फाल्न तयार छु । गिरिजाप्रसादले संसद पुनर्वहालीको नारा दिएर संसद पुनर्वहाली गरिसकेपछि चौरासी जना माओवादीका सदस्य, त्रियासी जना एमालेका सदस्य मनोनित गरेको सरकार बनाएको हो । त्यहाँ एउटा संक्रमणकाल उत्पन्न भएको र यो देशलाई एउटा ट्र्याकमा ल्याएको हो । ति कुराहरु विर्सनु हुँदैन सभामूख महोदय, र यो जति कुराहरु भएका छन् म त्यहि जनयुद्धको कुरा अझ जोड्न चाहन्छु विप्लव अहिले जंगल पसेका छन् । सम्झाउनुपऱ्यो नि । राज्य व्यवस्था राज्यको जुन कानून छ त्यो कानूनका आधारमा टाउकोको मुल्य  तोकिए होलान् आज पनि लुटेरा भन्ने शब्द आएका छन्, गोलि चलेको छ, बम पड्केको छ, आफ्नै पार्टीका पहिला त सचिव हुन् रोल्पाकै हुन् नि । सट्ट बोलाएर भाई त्यसो नगरु, संगै काम गरुँ, जंगल नजाउँ भने हुन्थ्यो नि के त्यसलाई सम्झाउनलाई पनि अब गिरिजाप्रसाद चाहिने? कहाँबाट ल्याउने अब? जनयुद्ध रोक्नुपर्छ अब देशले यो धान्न सक्दैन । र डडेल्धुरामा यो विकास यएरपोर्टको कुरा राख्दा खेरी एउटा कुरा उठेको छ । हो विगतका दिनमा डडेल्धुरामा यएरपोर्टको कुरा उठेन, हिजो एकजना माननीय सदस्यज्यूले भन्नुभयो । किन उठेन भन्दाखेरी डडेल्धुरा पहाडी जिल्लामा सबैभन्दा छिटो सडकमार्ग एप्रोज भएको जिल्ला हो । त्यहाँ यएरपोर्टको जरुरत थिएन तर तत्कालिन प्रधानमन्त्री डडेल्धुराबाट नेतृत्व गर्ने व्यक्तिले डडेल्धुराको यएरपोर्ट मात्र मान्यता दियो भने यहाँ २२ वटा पूल बनेका कुराहरु जो इन्डियाको प्रधानमन्त्रीको उपस्थिति राउण्ड टेबल कन्फेरेन्समा सौभाग्यले म पनि उपस्थित भएको थिएँ, त्यहाँ लडाई लडेर २२ वटा पुल बने । १३२ केवि प्रशारण लाइनहरु बने आज यसको मोडेल फेरिएको छ । र अन्य ठाउँ हाइड्रोपावर जस्तो  चमेलिया बनाउने कुरामा लाग्दाखेरी डडेल्धुराको यएरपोर्ट त्यो प्राइरिटियाभित्र पर्दैन तर अहिले हामीले पर्यटनका दृष्टिकोणले गर्दाखेरी प्रदेशले हाम्रो गौरवको कुरा हो हरेक जिल्लामा एउटा यएरपोर्ट हुनुपर्छ भन्ने मान्यताका आधारमा डडेल्धुरामा पनि त्यो स्थापित हुनुपर्छ भन्ने हामीले कुरा उठाएका छौं त्यसकारणले सबै हामीले पर्यटकिय क्षेत्रमा विकास गर्नुछ । पर्यटकिय दृष्टिकोणले अगाडी बढ्नुछ भनेपछि त्यसमा अगाडी बढ्नका लागि कुनै कुरा उठाइन्छ भने त्यसलाई अन्यथा लिएर प्रस्तुत गर्दाखेरी त्यसले राम्रो गर्दैन र पर्यटकिय दृष्टिले मानसरोबर हाम्रो लाइफलाइन हो । हामी सुदूरपश्चिमवासीले त्यो सम्झिनैपर्छ यो भूगोल तीनवटा बजेट आउँदाखेरी सरकारले यो भूगोललाई राम्रो सँग नबुझिदिने हो भने भोली कसले बुझ्ने ?  र सरकारले यो भूगोल त बुझ्नुपऱ्यो नि मानसरोबरमा कृषिको प्लान्ट लगेर हुन्छ? मानसरोबरलाई पर्यटकीय क्षेत्रमा हामीले लाइफलाइन घोषणै गर्नुपर्छ । त्यसलाई लाइफलाइन घोषणा गरेर पर्यटकलाई अगाडी बढाउनका लागि हामीले अगाडी त्यो कुरा राख्न सक्यौं भने यो निर्दिष्ट गर्न सक्यौं भने यो प्रदेश अर्कै बन्न सक्छ त्यसैले यसमा ध्यान पुगेन कि भन्ने आएको यो बजेटमा

देखिएको छ । यी कुराहरु हेर्दाखेरी राष्ट्रवाद सबै कुरा आए, राष्ट्रवादी सबै राष्ट्रवादी हुनुपर्छ । तर राष्ट्रवादको नारा लिएर मात्र सबै कुरा हुन्छ भन्ने छैन । राष्ट्रवादको नारा लगाउन सजिलो छ तर राष्ट्रवादी बन्नलाई त धेरै गाह्रो छ नि एकचोटी कृष्णजीले मनमोहनजी प्रधानमन्त्री हुँदाखेरी भनेको थियो वास्तवमै तपाई राष्ट्रवादी नेता हो मनमोहन जी साच्चीकै राष्ट्रवादी । म त वहाँलाई हृदयदेखि नै सम्मान गर्छु । वहाँको क्याविनेटमा बस्ने मन्त्रीहरुले अलिकति त्यसलाई तलमाथी गर्न थाले, अन्तराष्ट्रिय सेक्टर पनि अलि तलमाथी गर्न थाले, कृष्णजीले भन्नुभयो- "तिम्रो मन्त्रीले अलिकति तलमाथी गर्न थाले, करप्सन पनि बढ्न थाल्यो" भन्दा खेरी के गर्ने कृष्णजी केटाकेटी परे भनेर भन्नुभयो । हामी त्यो अवस्थामा सोच्नुपर्ने अवस्था हाम्रो सामु पनि आएको छ । आज यो प्रदेशमा पनि करप्सनको धेरै ठूलो कुरा उठेको छ । उपभोक्ता समितिमार्फत करप्सन भईराखेको छ भन्ने कुरा व्यापक ठाउँमा भएको छ यसलाई कन्ट्रोल सरकारले गर्ने कि नगर्ने ? हामीले नीति नियम बनाउने, त्यसलाई लागू नगर्ने ? त्यो नीति नियमलाई लागू गर्न जति सक्यो, त्यति करप्सन घट्ला नी । आज कन्चनपुरमा तेत्रो घुस खाएको घटनै घट्यो भने यस्ता प्रशस्त ठाउँहरु छन् त्यसैले करप्सनलाई घटाउनका लागि सरकारले दृढपूर्वक अगाडी बढ्यो भने हामी प्रतिपक्षीले त्यसमा साथ दिन्छौं । करप्सनलाई घटाउनुपर्छ, स्वच्छ सरकार चलाउ, यो प्रदेशलाई अगाडी बढाउने कुरामा सबै लागौं भन्ने आग्रहका साथ विदा हुन्छु धन्यवाद ।

**माननीय बलदेव रेग्मी**

माननीय सभामूख महोदय, सर्वप्रथम म सरकारको आर्थिक बर्ष २०७६/७७ को बजेटको पूर्ण समर्थन व्यक्त गर्न चाहन्छु । विशेष गरेर सरकारको नीति तथा कार्यक्रमसँग जोडिएको बुदा नं. ३६मा वित्तिय स्रोतको वितरण, भौगोलिक विकटता, आवश्यकता, समावेशिता, समन्वय र समानुपातिकताका ढंगले वितरण गर्ने भन्ने एउटा नीति तथा कार्यक्रममा समेटिएको थियो भने बुदा नं. ५६ मा मानव विकास सुचकांकमा भौगोलिक पूर्वाधार विकासको दृष्टिकोणबाट प्रदेश पछाडी परेको बाजुरा लगायतका अन्य जिल्लामा बजेट तथा कार्यक्रम निर्धारण गर्दा विशेष ध्यान दिनुपर्ने भन्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको थियो । म धन्यवाद दिन चाहन्छु सरकारलाई र सोही अनुसार बजेट व्यवस्थापन भए नभएको कुरा सरकारको बजेटमा उल्लेख भएकै छ म यो बारेमा धेरै नभनू । अतः यो राजनीतिक शक्तिको पावरको गेम भन्दछन् । यो पूर्वतिर विकासबाट पश्चिम समस्या पर्ने, पश्चिमबाट सुदूरपश्चिम पर्ने, सुदूरपश्चिमको समस्या फेरी माथी पहाड जान निकै समस्या पर्ने, अव यहाँ भौगोलिकका कुरा आफु अनुकुल व्याख्याका कुराहरु आउँछन् । अनि पहाड जाँदै जाँदा बाजुरासम्म पुग्ने, बाजुराभन्दा माथी परनेर ठूलो लेक छ त्यहाँ हिउ परेको छ त्यहाँभन्दा माथी जान अझ मुस्किल पर्ने, यो हाम्रो एउटा व्यथा र समस्या छ । म धन्यवाद दिन चाहन्छु सभामूख महोदय प्रतिपक्षी दलको आदरणीय नेता माननीयज्यू र सत्तापक्षका नेताहरुले प्रायजसो संसद चलिरहँदा बाजुरा र दार्चुलाको नाम उल्लेख गरिराख्नुहुन्छ । यो उल्लेख लामो समयसम्म गर्ने व्यवस्था गर्नुहोला । किन विकास भईसकेपछि उल्लेख गर्न पाइदैन । यो लामो समयसम्म उल्लेख गर्ने व्यवस्था दुवै पक्षबाट जोडदारका साथ गर्दै जानुहोला भन्ने म अनुरोध गर्न चाहन्छु । विशेष गरेर यो बजेटको सन्दर्भमा सरकारले पहिलोपटक बजेट ल्याउँदा एकखालको समस्या थियो । दोश्रोपटक बजेट आयो त्यो पनि एक खालको समस्या आयो र अहिले बजेट ल्याउँदा हामीले विरोधका लागि काला काला टपिक टपिक हेर्दै जाँदा अवश्य भेटिन्छ समस्या । पाँच सात बर्ष अगाडीको कुरा हो मेरो जिल्ला बाजुरा मार्तडी देखी कोल्टीसम्म पिच गर्ने भनेर

तत्कालिन नेपाली कांग्रेसको सरकारले कार्यक्रम मात्र बजेटमा आएको थियो । बजेट उल्लेख थिएन । उहिले पिच भनेर अहिले भरखर त्यहाँ ओपन हुँदैछ । कहिलेकाँही प्राविधिक त्रुटीहरु पनि हुन्छन् के त्यो समाति राख्यो भने त्यसैका पछाडी आगो लगाईराख्ने अनि त्यसको पछाडी वाच गरिराख्ने यो होइन के, राम्रा कुराका पछाडी पनि जानुपर्छ । विशेष गरेर यो मेरो पनि नयाँ अनुभव  मेरो पार्टीले मलाई यो सौभाग्य दियो संसदीय अभ्यास गर्ने, यहाँ बडाबक्ताहरुले मिठो भाषा बोलेपछि आफ्ना कुराहरु टक्क साइड लागिहाल्ने, बडा राम्रो खालमा बोल्ने कला कहिलेकाँही रंगमन्च जस्तो महसुस हुने, कहिलेकाँही, कहिलेकाँही यो बक्ताहरु अनावश्यक जस्तो महसुस हुने, हामीलाई त्यो लागिरहेको छ जो चोर, उसकै ठूलो स्वर । जसले अत्याधिक आर्थिक निर्वाचन क्षेत्रमा बढी गएको छ, वहाँले मजाले राम्रो भाषामा अरुको चित्त बुझाउनुहुन्छ । अनि मिडियाले पनि त्यसलाई राम्रो भाषामा प्रशारण गरिदिनुहुन्छ । तपाईले साँचो कुरा बोल्नुपर्छ, राजनीति, हामीले इतिहास, योगदान, ठुलो त्याग, बलिदान गरेर यहाँसम्म सबैको महत्वपूर्ण योगदान छ । हामी यहाँ पुगेका हौं त्यसैले हाम्रो पछाडी ठुलो शक्तिले आशा गरेको छ, भरोसा गरेको छ, त्यसलाई निरासा हुन दिनु हुँदैन हामीले नाटक मन्चन गर्नु हुँदैन । यथार्थको मार्गमा जानुपर्छ । विशेष गरेर अघी यहाँ धेरै कुराहरु उठे, यो रातो किताब जलाउने सन्दर्भमा यो एजेन्डा बनिसक्यो भुल्नैपर्छ किनभन्दाखेरी यहाँ एकचोटि पंखा नघुमेकोमा पनि सरकारको विरोध भएकै थियो । विषय थिएन त्यतिखेर पंखा घुम्दैन, यो सरकार के गरेको ? यहि सदनभित्र कुरा उठेको थियो । त्यसपछि राजधानीका सन्दर्भमा हामी त्यहाँ बस्यौं, छलफल गर्‍यौं,म त्यो समितिको सदस्य थिएँ, संयोजक र अल्पसदस्य काठमाडौ हुँदा पनि मैले त्यो प्रत्येक मिटिङ्ग होल्ड गरेको छु प्रत्येकले भनेको शब्द लेखेको छ भ्वाइस रेकर्ड छ हामीसँग तर राजनीति पछि के भयो भन्दाखेरी बाहिर आगो जलाइयो, माननीयज्यूहरुलाई समाप्त को हो त्यो दस्तखत गर्ने भनेर तर्साउने कोशिस धेरै गरियो । त्यसैले यथार्त कुरा अहिले बुझ्दैछौं, यहाँ त अलि अलि त्यस्तै हुँदोरहेछ भन्ने कुरा अहिले बुझ्दैछौं । अनि अहिले रातो किताब वहाँहरु भन्नुहुन्छ- यो हामीले जलाउने कार्यक्रम । तपाईको योजना थियो यत्रो । कि त त्यो तपाईको पूर्व योजना थियो रातो किताब जलाउने । अनि आफ्नो पक्षका हामीले यहाँ सरकारका पक्षमा केहि समस्या देख्नुभएको छ त्यसभन्दा प्रिय समस्या यहाँहरुमा पनि छ प्रतिपक्षमा बस्नुभएका आदरणीय माननीयज्यूहरु । यहाँ आइसक्यो बाहिर यहाँहरुले भनेको कुरालाई गर्नका लागि रातो किताब जलाईसकेपछी त एक खालको साथीहरुमा एकता हुने भयो । बजेट त यहाँहरुले यो अघाएको कोहि भोका भन्ने कुरा छ यो अघाएकोलाई भोकाको बारेमा थाहा हुँदैन । आदरणीय प्रतिपक्षी दलको नेता अहिले अघाउनुभएको छ । त्यसैले अहिले वहाँले यहाँ अव गन्नेमान्ने व्यक्तित्वहरु हुनुहुन्छ । वहाँहरु प्रतिपक्षका नेताको पनि ठुलै बजेट आएको हामीले सिलिङ देख्यौं । अनि दुई तिहाइको दम देखाउने, दुई तिहाइको फुर्ति देखाउने भनेर यहाँ भन्नुहुन्छ । हामीलाई त यहाँ त यो संसद त तीनटा खियामा छ सत्तापक्ष, मध्यपक्ष र प्रतिपक्ष । मध्यपक्षी नभए तपाईहरुलाई हिसाब मिलाउन अलि अलि समस्या हुन्थ्यो । र त्यसरी सत्ता पक्ष भित्रपनि अर्को समस्या यहाँहरु त खुशी हुनुहुन्छ राम्रो भाछ । अब म अर्को उदाहरण दिन्छु हाम्रो यो क्षेत्रको पूर्व प्रधानमन्त्री माननीय शेर बहादुर देउवा पनि प्रतिपक्षमा हुनुहुन्छ । डडेल्धुरामा कति आयो छ । प्रतिपक्ष देखी हाम्रा सरकारका आदरणीय माननीय मन्त्रीहरु निकै व्यवस्थापन गर्नुभाछ है वाहाले । राम्रो हिसाबकिताब राख्नुभाछ । त्यसैले अस्ती यै कुरा पनि उठ्यो । अर्को भाइलाइ भन्ने के हुन्छ व्यवस्था भन्नुपर्ने वाध्यता भयो । त्यसैले यो कुरालाइ तपाइले जनतासँग जानेकुरालाइ सही ढंगले गर्नुपर्ने अवस्था हुन्छ । त्यसप५ अब यहाहरुले जुन सरकारका कुरा गर्नुभयो ।

सरकारको बारेमा केही टिकाटिप्पणी पनि उठ्यो । जनयुद्धको कुरा यहाँ उठ्यो । संविधान त यहाँ लेखिसकेको छ जनयुद्ध र जनआन्दोलनको महत्वको बारेमा । स्वभाविक रुपमा यसको नेतृत्व नेपाली कांग्रेसले परिवर्तनका सम्पूर्ण नेपाल कांग्रेसले गरेको छ । तर बामपन्थीले डोर्याएको छ । जता तान्यो तेतै जाने वातावरण भयो नै । यो कुरा नेपाली जनतालाइ अनुभव भएको कुरा हो ध्रुव सत्यको कुरा हो । तपाइले ठुलो किङ त्यसपछि अर्कोको बेबी किङ हुदै घटाउदै घटाउदै यो किङमा ल्याइएको हो । तपाइको विधानमा तपाइको नीतिमा पनि ति कुराहरु उल्लेख छन् । त्यसैले अब यहाँहरुलाइ जुन खालको सम्मान गरेको छ प्रदेश सरकारले प्रदेश सरकारका आदरणीय मन्त्रीज्यूहरुले त्यो स्वागत योग्य छ । यहाँहरुलाइ समेटेर लिनुभएको छ । अब आगामी दिनमा पनि समेट्दै लैजानु हुनेछ भन्ने आशा लिएको छ । विशेषत यो बजेटका सम्दर्भमा हामीले २०/२१ दिन यो अलिकता ग्याप पनि भयो । अनी त्यो ग्यापको बिचको समय हामीलाइ अप्ठ्यारो परेको छ । यहाँहरु नजिक हुनुहुन्छ टिकापुर बर्दिया आओतजाओत गर्नुहुन्छ । १०० रुपैया दिएर यै नजिकै तर हामी पहाड २१ दिनसम्म ठन्डाराम कही जान पाइएन । बजेट पास भाछैन जान पाइदैन भन्ने छ । अनि बाटोको सन्दर्भमा त तपाइले उठाउनु भएकै छ यो बारेमा हाम्रा भन्दापनि बढी चिन्ता गर्नुभएको छ । यो हुँदा स्वभाविक रुपमा यसलाइ विकासका सन्दर्भमा बाजुरा दार्चुला विकास भएपछि यहाँको मानव विकास सुचकांकमा पनि कमी पर्छ । यहाँको विकासमा पनि गर्भ गर्नुपर्ने अवस्था हुन्छ । यो कुरालाइ पनि म धन्यवाद दिन पनि चाहान्छु । यहाँहरुले साँच्चिकै शुभचिन्तक भएर हाम्रो पछाडीपरेको समुदायलाइ माथि उठाउनुपर्छ । हामी कहाँ गाडी देखेको छैन । गाडी देखाउनुपर्यो । यतात रिङ रोड आइसक्यो । तपाइकहाँ त लाइन ट्युबलाइटको माग आइसक्यो । हामीकहाँ त बत्ती नै छैन । त्यसैले यो कुरामा यो नाराका रुपमा भन्दा पनि म कहिले काही रिसाने गर्छु दलको वैठकमा फेरी । यो बाजुराको नाम नलिनु है काम गर्नुस भन्छु । यहाँत नाम लिनुस ठिक छ राम्रो किसिमको नाम लिनुस । तर यो दिनुपर्छ भन्ने तेल्ले गर्दा देखाउने कुरामा जादा त्यति विथित हुन्छ । त्यसैले म पुन यो बजेटको कुरामा समर्थन गर्दै मेरो यो भनाइ यही राख्न चाहान्छु धन्यवाद ।

**माननीय उमा कुमारी वादी**

माननीय सभामुखज्यू, २/४ दिनदेखी मैले सुन्दै आएको छु रातो किताब रातो किताब । सभामुख महोदय रातो किताब हामीले पनि हेरिम हजुरहरुले हेर्याजतिकै गरेर । साच्चिकै त्यो राती किताबमा आत्मसाथ गरेर हामीले हेर्यौं । एकल महिलाको सम्बन्धी त्यसमा केही लेखेको छ र । त्यसतै गरेर अपाङ्गको लागि त्यसमा केही छ । हामीले भाषण असाध्यै मिठो गर्छौं गर्नुपनि पर्छ किनभने हामी नेता हौं । कैलाली कंचनपुर यो थारुको जिल्ला हो । रानाको जिल्ला हो भनेर हामी भन्दै आइरहेका छौं । त्यो रातो किताबमा थारु जातिले मान्ने धर्म संस्कृति राना जातीले मान्ने धर्मसंस्कृति अर्थात रानाथारुको लागि त्यो रातो किताबमा के कति लेखिएको छ । त्यस्तै गरेर दलित यो प्रदेशमा दलित प्रसस्त सबै जिल्लामा छन् । दलितका नाममा त्यो रातो किताबमा के लेखिएको छ । अर्थात कति योजना कति बजेट छुट्याइएको छ । माननीयज्यूहरुलाइ म धन्यवाद दिन्छु साँच्चिकै गरेर । राती किताब एकदमै चर्चामा आयो आउनुपनि पर्छ । हिन्दिमा एउटा कहावत छ एउटा फिल्मको सायद गाना पनि हो । बाटो सेहेजकेलिय य हाजिकारक हे । यो प्रदेशका जनताका लागि त्यो किताब हानिकारक थियो त्यसकारण हामीले जलाएको हो । माननीयज्यूहरुले साँच्चिकै गरेर छातिमाथि ढुंगा राखी हाँस्नुपर्याछ । भन्नु त पर्यो

धन्यवाद दिनुपनि पर्यो । अर्को कुरा मलाइ भन्ने मन लाग्यो । मैले धेरै पटक सदनमा बोल्दाखेरी यही प्रदेशमा देउको पनि छन् । यै प्रदेशमा मुक्त कमैया पनि छन् । यै प्रदेशमा कमलरी पनि छन् । यै प्रदेशमा राजी पनि छन् । यै प्रदेशमा सुनार पनि छन् । यै प्रदेशमा बादी पनि छन् । रातो किताब साच्चिकै गरी रातो किताबमा के लेखिएको छ या माननीय मन्त्रीज्यूहरुको क्षेत्रमा त करोडौं करोड बोकी नसक्ने पैसा छ । त्यस कारण रातो किताब हाम्रा लागि थिएन । त्यो जनताका लागि थिएन । जो सदियौं देखी पछाडी परेको पारिएको वर्गका लागि थिएन । त्यस कारण मुटुमाथि ढुंगा राती समर्थन त दिनै पर्यो । तर हामीले छाती ठोकेर त्यो किताबमा त्यो कुरा थिएन त्यसकारण जसरी घरको फोहोर बाहिर फालिन्छ त्यसरी जनताका हकहितमा नभएका हुनाले हामीले जलाएकै हो । हामी छाती ठोकेर भन्छौं । जेल जलाएका छैनौं हामीले । हामीले किताब मात्रै जलाएका छौं । हामीले भत्काएका पनि छैनौं बिगारेका पनि छैनौं । मुख्यमन्त्रीज्यू र यो प्रदेशको सरकारलाइ सही बाटोमा ल्याउनका लागि ऐनामात्रै देखाएका हौं । यो ऐना हेर्नुपनि पर्छ । कहिले काँही नैतिकता भन्छन् के के भन्छन् मलाइ थाहा छैन । फर्केर जब हेर्यबिलामा यो त मेरो बजेटको लाज त लाग्ला तर फर्केर हेर्दाखेरी कोही पनि नहोला । धरातल जनताको धरातलमा उभिएर हामीले योजना बजेट छुट्यायौं भने भोलिका दिनमा मोटी जस्तै फर्किएला होइन भने वाइवाइ जनताले । हामीले छिमेकीको धेरै कुरा गर्छौं गर्नुपनि पर्छ । हामीलाइ आटो सिस्नु यै देशकै प्यारो छ । हामीलाइ यो प्रदेशै प्यारो छ भन्ने गर्छौं । हामीले मठमन्दिरको लागि करोडौं करोड बजेट छुट्याइएको छ । साच्चिकै थारु समुदायले आफ्नो देवताको लागि के कति छुट्याएका छन् । त्यसपछि आएर यो मुस्मिम पिछडिएको वर्गको आवाज रेडियो समाचारमा सुन्थें मैले अस्ति कता हो । हाम्रै प्रदेश हो कि अर्को प्रदेशमा हो ठ्याक्कै कन्फ्युज म भएँ । पिछडीएको वर्गको डेलिगेसनमा हाम्रा लागित केही पनि छुट्याएको छैन । त्यस कारण सरकारको ध्यानाकर्षणका लागि हाम्रा डेलिगेसन हो आएको । त्यसतै डेलिगेसन बादी समुदायको पनि केन्द्रबाट लगेर यो प्रदेशमा सायद मलाइ लाग्छ सैयौं पटक त नभनौं तर धेरै पटक यो प्रदेशका माननीय मन्त्रीज्यूहरु मुख्यमन्त्रीज्यू सभामुखज्यू सबै सरकार पक्षका मन्त्रिज्यूको ढोका ढक्ढकाएकै हुन् । हामीले धेरै पटक भन्यौं वादी समुदाय पनि बराबरको हिस्सेदार हो । सामाजिक सुरक्षा भत्ता अरुलाइ दिन मिल्छ वादीलाइ दिन किन मिल्दैन । त्यो करोडौं करोड बजेट आफ्नो चुनाव क्षेत्रमा हाल्ने वादी समुदायका महिला या दलित समुदायका त्यसतो दलितभित्र पनि साँच्चिकै पछाडी अलि पछाडी पर्या वर्गका लागि सामाजिक सुरक्षा भट्टा छुट्याउदा दिदा फरक पर्दैनथ्यो होला । पोर कैले कताकता उठ्या जस्तो मान्छु मैले । सायद मैले पनि उठाएको हुँ । यो स्वयंसेविकाको कुरा उठ्दा सायद पुरुष स्वयंसेविका भैदिया भए अलि छिटो छरितो त्यो महिला स्वयंसेविकालाइ छुटिन्थ्यो होला । ध्यानाकर्षित हुन्थ्यो होला तर महिला स्वयंसेविका भएको हुनाले उनिहरुको बारेमा पनि छुटिएन । त्यस्तै गरेर यो ठ्याक्कै मैले दलित नेताको छात्रवृद्धि छुटियो । त्यहाँ पनि कतै छुवाछुत भयो कि सभामुख महोदय । दलितका कतिजना बच्चाले पाए त्यो बुझनसुन्न पाए म पनि एकदमै हर्सित हुन्थें खुशी हुन्थें । यतिजनाले पाउछन् मेरो प्रदेशमा भन्थें । म ५ नं. प्रदेशमा जब मलाइ त्यहाँ साथिहरुले मलाइ बोलाए । एउटा कार्यक्रम थियो । मनको त्यो संस्था दर्ता गरेर त्यो कार्यक्रममा मलाइ बोलाए । सामाजिक मन्त्रीज्यू त्यो कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो । त्यहाँ छातीठोकेर त मैले भनें मेरो प्रदेशमा दलितको नामबाट छात्रवृद्धी दिएको इतिहास पहिलो हो भनेर । तर फर्केर हेर्दा बत्तिमुनि अँध्यारो । साँच्चिकै गरेर अबका दिनहरुमा त्यसता जुन हामीले होइन सरकारले ननिम्त्याओस । रातो किताब अर्को पटक पनि हामीले सम्मान

गर्नुपरोस । यो जनताले बुझ्न कि यो किताबमा हाम्रा लागि पनि लेखिएको छ । हाम्रा लागि पनि यो किताबमा केही बोलिएको छ । माननीय मन्त्रीज्यूहरुका लागि मात्रै छैन यो किताबमा हाम्रा लागि पनि छ भन्ने कुरा जनताले बुझुन । सच्चिन र सप्रिनका लागि हाम्रो आग्रह छ । यतिभन्दै सकैं हओस धन्यवाद ।

**माननीय मना कुमारी साउँद**

माननीय सभामुख ज्यू, २०७६/७७ को वार्षिक राजस्व व्यायको अनुमान बजेट प्रदेश सरकारले प्रस्तुत गरेको छ । सर्वप्रथम म यस बजेटको समर्थन गर्न चाहान्छु किनकि प्रदेश सरकारले विशेष गरी कृषि क्षेत्रलाइ प्राथमिकता राखेको छ र सामाजिक शिक्षा स्वास्थ्यलाइ प्राथमिकता राखेको छ । र गत वर्षको थुप्रै योजना कामकार्यलाइ विशेष गरी निरन्तरता दिने यसमा जोड दिएको छ । त्यसैले यो बजेटको स्वागत तथा समर्थन गर्दै सरकारलाइ धन्यवाद दिन चाहान्छु र यति हुँदाहुँदै पनि हामी ३/४ दिन भयो छलफल बहसमा छौं । र साँच्चिकै अहिलेसम्म ३ करोडको बजेट आइसक्यो र म यसै सन्दर्भमा एउटा कुरा जोड्न चाहान्छु । एउटा पाटनमा घोडा चर्दो रहेछ । त्यो चर्ने घोडाको छेउमा स्याल रहेछ । स्यालले घोडाको थोलो झडला र खाउला भन्ने सोचिरहेको रहेछ । लास्टमा त्यो घोडाको थोलो झरेन । अनि त्यो स्यालको पर्खिदा पर्खिदै त्यो स्यालको मृत्यु हुने अवस्था आएछ । आसैआसमा विचारा स्याल मरेछ । त्यसैले मैले भन्न खोजेको कुरा ३ करोडको बजेट आइसक्यो । यसलाइ हामी जनताहरु र जनताले जिताएका जनप्रतिनिधिहरु छौं । हामी सबै आसैआसले ३ वर्ष गइसक्यो । अब पूर्ण बजेट एउटा र अर्को आचारसंहिता लाउने बजेट दुइटा बजेट छ । यो बजेटमा कति जनताका उपलब्धीहरु हुनेछन् र कति हामी हाम्रा हातहरु कति मेटाउनेछ भन्ने कुराहरु गत वर्षको ३ वर्षको जो बजेट गयो प्रस्तुत भयो र छलफल बहस भयो र जनताको बिचमा थुप्रै योजनाहरु पनि गएका छन् । यसलाइ कति काम भयो कति काम भएन भन्ने कुराहरु हामीले यसको निचोड पनि ल्याइसकेका छैनौं । र यो एउटा समक्षा गर्ने दौरानमा गरिरहेका छौं । हामी लास्ट अन्तिम चरणसम्म यसको निचोर प्रदेश सरकारको उपलब्धी र हामी जनप्रतिनिधिले ५ वर्षमा के उपलब्धी हासिल गयौं त भन्ने कुराहरु जनताले परिक्षण गर्नेछ । त्यतिखेर हामी त्यसको Result पाउनेछौं कति अंक ल्याएरैछौं । त्यसैले यो एउटा यहाँ थुप्रै कुराहरु छ अहिले । यहाँ ओहोरदोहोर गर्नुपर्ने कुराहरु छैन र कसैका उत्तरका जवाफ दिनेकुरा पनि छैन र यसमा हामीले थुप्रै यो वर्षा साउन आँखा फुटेको गोरुले हरियो देख्छ रे । यसो पनि नगरौं र हरेक वस्तुका दुइटा पाटा हुन्छन् । राम्रोमा नराम्रो हुन्छ दिन हुन्छ त रात हुन्छ । जब घाम लाग्छ तब बादल लाग्छ । त्यसैले हरेक पाटाका दुइटा पाटापक्ष हुन्छन् र यसलाइ सकारात्मक र नकारात्मक दुइटैलाइ नियालेर हामी मानवीय जिवनले हामी सोच्न सक्ने प्राणीले सोच्नुपर्ने हुन्छ । र सबै कुरा नराम्रो चारैतिर अन्धकार हामी नदेखौं । प्रदेश सरकारले केही पनि गरेको छैन भन्ने कुरा होइन । गरेको त राम्रो उपलब्धी पनि गरेको छ । जनताका बिचमा योजना ल्याएको छ र एउटा महत्वपूर्ण उपलब्धी यहाँहरुले त कहिले प सपोट गर्नुभएको थियो यो मंचबाट त । हामी समर्थन गर्छौं हामी स्वागत गर्छौं । हामी सम्मान गर्छौं यहाँहरु भन्नुहुन्छ प्रतिपक्ष दलका साथिहरु । तर कहिल्यै यहाँहरुले व्यवहारिकरणमा कहिल्यै समर्थन गर्नुभएन । प्रदेशको राजधानी र नामाकरण गर्नेबेला पनि यहाँहरुले बिरोध जनाउनुभएको हो तर आखिर हामीले सुदूरपश्चिमका जनताको इच्छा आकांक्षा र यहाँको आवश्यकता अनुसार हामीले त्यो नाकाकरण पनि गरिसक्यौं । पहिलो वैठकमा पनि यहाँहरुको फरक विचार धारणा आएकै हो । जो प्रतिपक्ष दलमा बस्छ यो वाहाहरुको एउटा के भन्छ यो धर्म नै हो । हिजो कम्युनिष्ट पार्टी प्रतिपक्षमा रहदा पनि यै गर्थ्यो होला । आज प्रतिपक्ष दलमा नेपाली कांग्रेसमा पनि यै गरिरहेको छ । त्यसैले यो धर्म हो यो गरिरहने क्रियाकलाप हो । यी त सब भन्ने कुरा हुन् तर हामीले सबैले चाहेका छौं सुखी नेपाली समृद्ध नेपाल । हामी सबैले यो साललाइ थुप्रै सम्भावना बोकेको

सुदूरपश्चिमलाइ हामीले हरेक विकास साझा दृष्टिकोण र साझा व्यवहार हामीले चाहेका छौं । हामीले यहाँका जनताको विकास चाहेका छौं । तपाइ बेरोजगार हुनुपर्छ पछाडी परेका वर्गहरु अगाडी बढ्नुपर्छ र सबैले भन्न बोल्न पाउने हक अधिकार यो लोकतन्त्रमा र यो प्रजातन्त्रमा हुनुपर्छ भन्ने मुल मान्यता हामी सबैले बोकेका छौं । यहाँहरु सबै एउटा गौरबको इतिहास बोकेको नेपाली कांग्रेस गौरवमय इतिहास बोकेको नेपाल कम्युनिष्ट पार्टी हाम्रा आ-आफ्ना विशेषताहरु छन् । सबैको आ-आफ्नो महत्व दिन्छ । सबै हामी गोरवमय इतिहास बोकेर नै यो ठाउमा आएका छौं । त्यसैले हामीलाइ देश बनाउने जिम्मा आज नेपाली जनताले दिएको छ । हामी एकअर्कालाइ प्रतिवाद एकले अर्कालाइ मिनिमाइज गर्नेभन्दा पनि देश बनाउने एउटा अपेक्षा राखौं यतापट्टी जाउँ । प्रतिकारतिर होइन अग्रगामीतिर जाउँ । हामी विगतलाइ वर्तमानलाइ पेलौं । वर्तमानलाइ स्मरण गरौं । भुतकालाइ हामी स्मरण गरौं । भविष्यतिर जाउ । अब यो सुदूरपश्चिम प्रदेशलाइ कस्तो बनाउने भन्ने यो सपना देखौं । सम्पूर्ण जनताले हामीले एउटा जिम्मेवारी दिनुभएको छ । तपाइ हाम्रो हातमा एउटा प्रमाणपत्र दिनुभएको छ । यो ५ वर्षमा सुदूरपश्चिमलाइ साँच्चिकै यो एउटा तस्बिरमा मात्र होइन यो प्रकृतिले दिएको यो बरलदान सुदूरपश्चिमलाइ साच्चिकै सुन्दर सुदूरश्चिम बनाउनुस भनेर हामीलाइ जिम्मा दिएको छ । यतापट्टी जाउ । यस्तो कल्पना गरौं । त्यसैले सुदूरपश्चिमलाइ विकास गर्नको निमित्त तपाइ हामी सबैलाइ जिम्मेवारी छ हामी लागौं जुटौं हामी । एकअर्कालाइ यो कुरा गर्नुभन्दा पनि यो बजेट आएको छ यो बजेटलाइ समग्रमा जिल्लागत रुपमा बजेट सन्तुलित छ । कसैमा २५ गएको छ कसैमा २० गएको छ कसैमा ३० गएको छ । विभिन्न खाले बजेट गएको छ । सन्तुलित जिल्लागत रुपमा छ । तर एउटा सुझाव यो एउटा क्षेत्रगत सुझावमा निर्वाचन क्षेत्रमा र नगरपालिका र गाउपालिका स्तरमा यो सन्तुलित छैन । यसमा यहाँहरुले सबैले सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यसमा सन्तुलित बजेट र व्यवहारिक बजेट बनाउन म आग्रह गर्न चाहान्छु । विगतमा पनि समिक्षा गर्नुपर्ने हुन्छ र कहिलेकाही यो अहिले हामी भौगोलिक आधारमा मात्र होइन जनसंख्याका आधारमा दिने रकम छुटिनुपर्ने हुन्छ । त्यहाँको वस्तुगत स्थिति त्यहाँको धरातल र त्यहाँको जनताको परिस्थिति बुझेर रकम विनियोजन गर्नुपर्ने हुन्छ । यहाँ मुख्यमन्त्रीको जिल्लामा कति गयो अर्थमन्त्रीको जिल्लामा कतिगयो गृह मन्त्रीको जिल्लामा कति गयो पर्यटन मन्त्रीको कति गयो भन्ने कुरा यो हिसाब किताब मा पनि बाजुराको कैलालीको तुलना एउटा न हुन सक्छ । आदरणीय सभामुख ज्यू अनी कंचनपुरको र अछामको एउटा तुलना नहुनसक्छ । यहाँको फरक समस्या छ बाजुराको फरक समस्या छ अछामको फरक समस्या छ । यहाँ कसैले खुट्टामा हाल्ने चप्पल पाएका छैनन् । खाने गास पाएका छैनन् । नुन समेत पाएका छैनन् । त्यसैको यसलाइ तुलना गरेर जाउ । कुन ठाउमा के को आवश्यकता छ र त्यहाँको आवश्यकतालाइ पहिचान गरेर मात्र रकम विनियोजन गरेर यौं भने साँच्चिकै हामी जनताको मनमा बस्न हामी सफल हुन्छौं । जनताले लोकतन्त्र आएको तब महसुस गर्नेछन् । जब सास फर्ने मौका र एउटा खानेपानी पाउने क्रम हिड्ने बाटो पाउने क्रम र अध्यरोमा बसेका जनताहरुले उज्यालोमा बस्ने छन् । त्यो पनि हामी जनताका आवश्यकताहरुलाइ साझा व्यवहारका साथ साझ दृष्टिकोणका साथ साझा योजनाका साथ हामी जाउ । साझा सवाल हामी सबैको यहाँ सुदूरपश्चिमेली जनताहरुका साझा समस्या र हामी सबैका समस्याहरु हुन् । त्यसैले हामी समग्रतामा जाउ । यो व्यक्ति व्यक्ति अंश अंशमा होइन । यो नेताकेन्द्रित होइन । माननीय केन्द्रित होयन । मन्त्री केन्द्रित होइन । जनता केन्द्रित हामी बजेट ल्यायौं भने सकारात्मक सोच र सकारात्मक व्यवहार गयौं भने साच्चिकै हामी समृद्ध सुदूरपश्चिम र सुखी सुदूरपश्चिम बासी हामी हुन सक्छौं हामी बनाउन सक्छौं । अब यो हिजोदेखी अस्तिदेखी नै यो रातो किताब जलायो भन्ने कुरा एजेण्डा बनेको छ । मैले पनि अलिकति जोड्नै परेको जस्तो लाग्यो किनभने अब मान्छे जन्मिन्छ अनि मान्छे मर्छ त्यसको अन्त्यस्टी लास्टमा चितामा हुन्छ । त्यसतै आज सुदूरपश्चिमको

कत्रो मेहेनतले ल्याएको प्रदेश सरकारले ल्याएको लामो समयदेखी नै कत्रो मेहेनत गरेर ल्याएको रात दिन खाइ नपाइ केरे कत्रो दुख गरेर ल्याएको बजेटलाइ एकै छिनमा चितामा जलाउनु भयो प्रतिपक्ष दलका साथिहरुले । त्यसैले एउटा बुढो बाघ हो तरुनो स्याल । हामी त बुढो माघ एउटा लामो इतिहास बोकेको पाटी लामो समयसम्म सत्ता संचालन गरेको पाटी अब यो बुढो बाघले केही सुझाव सल्लाह दिन्छ । अनि पहिलो कुरा आफु टिचर छु रे अरुलाइ टिचर बनाउनको निमित्त आफु टिचर बन्नुपर्योन्त । आफु गुरु हुनलाइ त अरुलाइ गुरु बनाउने मान्छेले त आफु गुरु हुनुपर्योन्त । आफु जान्ने हुनेले अरुलाइ पहिले सिकाउनुपर्योन्त । पहिला आफुले सम्मान पाउनुछ भने अरुलाइ सम्मान गरौं अनि त्यसभन्दा पछी हामी सम्मान पाउछौं । त्यसैले यो कुराले अलिकति यो अव्यवहारिक भयो कि भन्ने कुरा मलाइ लागेको हो । त्यसैले आइन्दादेखी यसता काम नगरौं । बरु हामी यो समयमा बजेट आएको छ । समयमा बजेट कार्यान्वयनमा लैजाउ । समयमा जनताको बिचमा लैजाउ । हामी यसलाइ प्रभावकारी ढंगले कार्यान्वयनको लागि हामी सुदूरपश्चिम जना सांसद एकजुट एकढिका भएर जाउ । कसैले काँ के भ्रष्टाचार गर्यो । यो बजेट आएको छैन अगाडी नीतिगत रुपमा कसरी भ्रष्टाचार हुन्छ । व्यवहारमा त जाउ । बरु भ्रष्टाचारको यहाँहरु प्रमाण ल्याउनुहुन्छ भने यहाँ गत वर्ष गएको बजेटको प्रमाणपत्र ल्याए भैहाल्यो त । अगाडी भ्रष्टाचार कसरी हुन्छ । त्यसैले यस कुरालाइ पनि हामी मनन गर्दै यो बजेटलाइ छलफलमा लैजाउ अनि कार्यान्वयनमा लैजाउ प्रभावकारी कार्यान्वयनमा लैजाउ जनताका बिचमा जाउ । सुन्दर सुदूरपश्चिमको जो हामीले परिकल्पना गरेका छौं । यसलाइ बनाउन सबैको साथ सहयोग र काँधमा काँध मिलाएर जाउ । जनतालाइ खुशी बनाउ । हामी खुशी हौं । चिन्ता र एउटा टन्सन लिनु स्वास्थ्यका लागि हानिकारक हो । हामी चिन्ता नलिउ खुशी होउ । हामी खुशी भएभने जनतापनि खुशी हुनेछ भन्ने कुरा राख्दै फेरी पनि यो बजेट प्रभावकारी ढंगले कार्यान्वयन होस भन्ने शुभकामना दिदै यो बजेटको पूर्ण समर्थन गर्दै विदा हुन्छ धन्यवाद ।

**माननीय नेपालु चौधरी**

माननीय सभामुख महोदय, म सर्वप्रथम हाम्रो प्रदेश सभा सदस्य माननीय सुशिला बुढाथोकीज्यूको पुजनीय बुवा रामचन्द्र गिरीको निधन भएको छ । म सर्वप्रथम वाहा प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु र वाहाको आत्माको चिर शान्तिको कामना पनि गर्न चाहान्छु । वास्तवमा हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ को बजेट ल्याइरहदा हामीलाइ धैरै यो सुदूरपश्चिम प्रदेशमा भएका यावत समस्याहरुलाइ सम्बोधन गरेर ल्याएको जस्तो मलाइ लागेको छ । यो धैरै उत्कृष्ठ बजेट हो भन्ने लाग्या कारणले म यसको समर्थन गर्न चाहान्छु । किनभने यहाँ हाम्रो प्रदेशमा सुकुम्बासी कमैया मजदुर दलित लगायत यहाँ रहेका विभिन्न जातजाती भाषाभासीका सबै लाइ सम्बोधन गरेर बजेट ल्याएको छ । त्यस कारणले यो बजेट धैरै राम्रो छ । धैरै राम्रो हुँदाहुँदै पनि प्रतिपक्षी दलका साथिहरुले पनि यो मंचमा सबैले उठाइरहेको कुरा त्यो राज्यको सन्दर्भको कुरा मलाइ पनि के लाग्यो भने यो हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले अब परिमार्जित बजेट ल्याएको कारणले प्रदेश सरकार लोकप्रिय हुँदै गइरहेको अवस्थामा अब यसका खुट्टा तान्न के गर्नुपर्छ भनेर प्रतिपक्ष दलका माननीयज्यूहरुले रातो किताब जलाएको मलाइ आभास भएको थियो । त्यस कारणले हामीले त्यसो गर्नुहुन्न । वास्तवमा हाम्रो प्रदेश हिजोका दिनमा हामीले धैरै वेरोजगार युवाहरु छन् । रोजगारको सृजना गर्नुपर्यो भन्थ्यौं र अहिले सरकारले थुप्रै रोजगारमुलक कार्यक्रम ल्याएको छ । म स्मरण गर्न चाहान्छु आ.व. २०७५/७६ को कार्यक्रममा मेरो क्षेत्रमा एउटा मोटरसाइकल मर्मत तालिम आएको थियो । त्यो तालिम मर्मतको लागि सहभागीहरुलाइ कृषि ज्ञान केन्द्रले निवेदन आव्हान गर्दा त्यहाँ आवश्यक निवेदन परेन ।

हामीले आवश्यक निवेदन पर्नुपर्थ्यो पछि हामीले तलबाट आफै उम्मेदवार तालिममा सहभागी गरायौं । र हाम्रा उम्मेदवार कस्ता छन् भनेर हामीले अस्ती मात्र एउटा माननीयजीले भन्नुभो कि हामी नेपाली युवालाइ भारत लखेटिरहेका छौं । मैले के भन्न खोजिरहेको भने हाम्रो देशमा हामीले हाम्रो प्रदेशमा युवाहरुलाइ थुप्रै आवश्यक अवसर दिदादिदै पनि हाम्रो यहाँ काम गर्न इच्छुक हुँदैनन् । तर भारतमा जस्तो सुकै काम पनि वाहाहरु गर्न तयार हुनुहुन्छ । अहिलेमात्रै तपाइहरुलाइ म स्मरण गराउ हाम्रो प्रदेशबाट विनियोजित रकमका धेरै योजनाहरु मध्ये हामीले काम गर्ने मान्छे पाएनौं । यसो गाउतिर जाँदा सबै भारततिर गएका भन्ने कुरा सुन्नमा आयो । काम गर्ने जनशक्ति नपाउने तर सरकारले रोजगार सृजना गरेन भन्ने कुरा आउने हाम्रो सरकारले रोजगार सृजना गर्दागर्दै पनि हाम्रो यहाँ काम गर्ने युवाहरु इच्छा राख्दैनन् । लाज मान्छन् त्यसैले विदेश पलायन भएको अवस्था छ । अब यी युवाहरुलाइ हामीले कसरी सम्झाएर ल्याउने वाहाहरुलाइ हामीले तपाइहरुलाइ रोजगारी दिदादिदै किन बाहिर गएको भन्ने कुरा हामीले बुझाउनुपर्ने बाध्यता आएको छ र वास्तवमा धेरै माननीयज्यूहरुले मेरो क्षेत्रमा बजेट परेन हामीलाइ थोरै भयो भन्ने कुरा आएको छ । जहासम्म पहिलोकुरा सरकारसँग अनुरोध गर्न चाहान्छु । सरकारले एउटा नीति अवलम्बन गरेको थियो कि स्थानीय तह सदरमुकामसम्म जोड्ने हामी बाटो बनाउछौं । तर मेरो क्षेत्रमा अहिले यो असार मसान्त लागिरहदा अनुगमन गर्ने क्रममा हामी गाउमा जान सक्ने अवस्था नै छैन । धेरै नदिनाला खोला अहिले भरिसकेको कारणले अहिले यसतो अवस्था सृजना भएको छ । तेसो भएको कारणले यो राजधानीसँग स्थानीय तह जोड्ने नीति अवलम्बन गरोस भन्ने पनि म अनुरोध गर्न चाहान्छु । र साथसाथै हाम्रो यो देश कृषि प्रधान देश भएको कारणले भूमि व्यवस्था तथा कृषि मन्त्रालयबाट किसानहरुको लागि धेरै यसता कार्यक्रमहरुको व्यवस्था गरेको अवस्था छ । किसानहरुलाइ हिजोको दिनमा हामीले धेरै खाद्यन्नहरु भारतबाट आयात गर्नुपर्ने अवस्था थियो । त्यो अवस्था अन्त्य गर्नका लागि अहिले कृषिलाइ धेरै महत्व दिएको छ । वास्तवमा कृषिलाइ महत्व दिदै कृषि यान्त्रिकरण आधुनिकरण तर्फ सरकारले अहिले वितरण गरेको छ । त्यस कारण जनताहरु अहिले कृषि प्रति धेरै उत्सायित भएका छन् । मलाइ लाग्छ अबका दिनमा हामीले भारतबाट चामलहरु आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुँदै जानेछ भन्ने मैले अपेक्षा लिएको छु । हामिले वास्तवमा अघि धेरै चर्चा विषादी तरकारीको आयो । यो कुरा हिजोका दिनमा थियो कि थिएन । म साथिहरुलाइ माननीयज्यूहरुलाइ आत्मा साक्षी राखेर भन्न चाहान्छु । हाम्रो देशको प्रधानमन्त्रीले विषादीको कुरा तरकारी विदेशबाट आउदैछ भन्ने कुरा थाहा पाएपछि यसको यतिधेरै खण्डन गरियो कि भनिरहन साध्य छैन । हामीले राम्रो कुरा उठायौं भने खण्डननै गर्नुपर्ने अवस्था यहाँ देखिन्छ । त्यस कारणले सरकारले अहिले धेरै राम्रो कदम चालेको छ । हामी आशा गरौं । हाम्रो प्रदेशमा यसपालिको बजेटमा धेरै मागहरुको सम्बोधन गर्दै हाम्रो जुन सरकारको लक्ष्य छ सूची नेपाली सबैको नेपाल भन्ने नारा सार्थक भन्दै अगाडी बढ्नेछ भन्ने नारामा विश्वास राख्दै भनाइ अन्त्य गर्दछु धन्यवाद ।

**माननीय माया तामाङ बोहरा**

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/७७ को बजेटमाथि हामी छलफल गरिरहेका छौं । बजेट एकदम राम्रो मिठो छ । किनभने बजेट भन्दाखेरी कुनै व्यक्ति एकदम राम्रो चिटिक्क परेका हुन्छन् तैपनि कतानता खोट लागेका हुन्छन् । त्यसैले यो बजेट अलिकति तलमाथि भएको देखिन्छ । यो आ.व. २०७६/७७ को बजेट म समर्थन गर्न चाहान्छु । हाम्रो मुख्य उदेश्य के हो । त्यसलाइ हाम्रो बजेटले सम्बोधन गर्न सकेको छ कि छैन । हिजोको दिनमा हाम्रो जनताहरुलाइ दिएको विकासका आश्वासनहरुलाइ यसले सम्बोधन गरेको छ कि छैन । यहाँ एक

जना व्यक्तिको सरोकारको मात्र विषय होइन । यो सिंगो व्यवस्थाको सवाल छ भन्ने मलाइ लागेको छ । जसले जुन पाटीबाट राजनीति गरेतापनि जसले जुन समुदायबाट प्रतिनिधित्व गरेतापनि मुल उदेश्य भनेको जनताको सम्मान र समग्र विकास नै हो । हामीले विशेष गरी कृषि क्षेत्रलाइ महत्व दिएका छौं भन्ने गरेका छौं सुन्ने गरेका छौं । यदि यसो हो भने हामीले चाहेको खत्याङ तरकारी किन आयात गरिरहेका छौं त यसको बारेमा प्रदेश सरकारले गम्भिर अनुसन्धान र रिसर्च गर्नु जरुरी छ । जसले ५० औं वर्षदेखी हाम्रो कैलाली कंचनपुरको खेतीयोग्य भुभाग बाह्रै मास सिचाइ सुविधा गर्न नसक्नु विगतदेखीको व्यवस्था र सरकारको  कमजोरी देखेका छन् । विगतमा जे भएतापनि हाम्रो प्रदेश सरकारले अहिले सुधार्न पर्ने देखिन्छन् । चुरेको फेदीबाट कैलालीदेखी कंचनपुरसम्म सिचाइको प्रचुर व्यवस्थापन गर्न सकोस भन्ने हाम्रो आयात हुन्न । होइन यहाँको आवश्यकता हुन पुग्छन् । यो त सानो उदाहरण मात्र हो । भन्न खोजेको के हो भने लगानीका साथ प्रतिफल प्रतिख्याल गर्ने कि । अर्को कुरा हाम्रो पूर्व माननीयज्यूहरुले बोलिसक्नु भएको छ । खाली र स्मरण मात्र गर्न चाहान्छु । हरेक क्षेत्रमा बढ्दो भ्रष्टाचार यो महामारी सबै क्षेत्रमा फैलिरहेको छ । यसले विकराल रुप लिरहेको छ । यसमा जनप्रतिनिधिहरु नै अग्र स्थानमा आउने क्रम बढिरहेको छ । यसले सिधै हाम्रो बजेटमा असर पार्न सक्छन् र १० प्रतिशत काम भयो भने ९० प्रतिशत हाम्रो गोजि खल्तीमा गइरहेको छ भन्यो भने बजेट कार्यान्वयन गर्नेको हालत के हुने । तसर्थ यसमा सचेत रहन र कडाइका साथ प्रस्तुत हुन म प्रदेश सरकारलाइ ध्यानाकर्षण गराउन चाहान्छु । जताततै कामको गति अति नै सुस्त भएको देखिन्छ । जसले गर्दा वर्षातको असार मसान्तमा भ्याइ नभ्याइ गर्न प्रचुर कार्य नै रहेको देखिन्छन् । यस तर्फ ख्यालगर्न म ध्यानाकर्षण गर्न चाहान्छु । हाम्रो सरकारी संयन्त्रहरु किन गतिसिल बन्न सकेको छैनन् । किन तुरुन्त हामीले Action लिन सकिराखेको छैनौं । जिम्मेवारीमा कम्जोरी भएका मान्छेहरु अब सरकारले कडा नीति ल्याउन जरुरी भइसकेको छन् । यो आर्थिक वर्षको बजेट आम जनताको मनमा बस्न सकोस भन्दै यो बजेटको पूर्ण सफलताको कामना गर्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय गेल्बु सिंह बोहरा**

माननीय सभामुख महोदय, आज हामी यस प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बोहराज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/७७ को बजेटको छलफल क्रममा छौं र मलाइ लाग्दछ यस सुदूरपश्चिम प्रदेशको सिमित साधन स्रोत र यहाका असिमित चाहाना आकांक्षाका बाबजुत पनि  जुन यो सुदूरपश्चिम प्रदेश सरकारको माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले जुन बजेट प्रस्तुत गर्नुभएको छ त्यसको म हार्दिक स्वागत गर्न चाहान्छु । आज हामी कंचनपुरको पुनर्वासबाट बजेटको छलफलका कार्यक्रम शुरु गर्दै यस सुदूरपश्चिम प्रदेशको अन्तिम छोर जहाँ २ देशको सिमानामा अवस्थित दार्चुलाको ब्यास छान्ग्रुमा गएर कार्यक्रम अन्त्य गर्ने क्रममा छौं । पक्कै पनि मलाइ लाग्दछ हामी यदि कुनै गन्तव्यका लागि जाने हो भनदेखिन जुन गन्तव्यका साथ हामी पुनर्वास कंचनपुरबाट हिड्ने कोशिष गरेका छौं पक्कै पनि त्यो बाटो बिराएन भनेदेखिन देरसबेर त्यो दार्चुलाको छांग्रुभन्ने ठाउसम्म विकासको क्रमहरु पुग्नेछ भन्ने कुराम आशावादी पनि छु । आज हामी पक्ष विपक्ष सन्तुष्ट असन्तुष्टका कुराहरु धेरै गरिरहेका छौं । जहासम्म मलाइ लाग्दछ हामीले निर्वाचनका बेलामा जनताका सामु गएर धेरै किसिमका बाचा बन्धन अथवा कुराहरु राखेका छौं । त्यसैले गर्दाखेरी हामीले हाम्रो यो पहिलो प्रयास र अनुभवको कमीले पनि हुन सक्दछ । हामी प्रत्येक चोटी हाम्रो प्रत्येक बजेट अथवा हाम्रो प्रत्येक योजनाहरु एकै चोटी पर्नुपर्छ भन्ने मान्यताका साथ अगाडी हामी बढिरहेका छौं । त्यसैले केही हदसम्म हाम्रा साथिहरु आपसमा पनि असन्तुष्टी हुनु स्वभाविक हो जस्तो मलाइ लाग्दछ

। किनभने अझ पनि हामीसँग समय छ त्यसैले गर्दाखेरी म यहाँ के अनुरोध गर्न चाहान्छु भने वास्तवमा हामी के सोच्छौं भने सोझो हिसाबले हिजोका दिनमा हामीले जनताका बिच धेरै कुराहरुको बाचा गरेका छौं । हामीहरु अब कुन मुखले आफ्नो जिल्ला आफ्नो निर्वाचन क्षेत्र आफ्नो गाउठाउमा जाने पक्कै पनि यो एउटा चुनौतीको विषय छ । तथापी म के अनुरोध गर्न चाहान्छु भने वास्तवमा सिमित साधन स्रोतका वावजुत पनि यो हाम्रो यस नेपाल कम्युनिष्ट पाटी नेकपाको यस कार्यकालमा पक्कै पनि ति क्षेत्रहरु सम्म हाम्रा विकास किरणहरु पुग्ने छ भन्ने पनि मैले आशा लिएकोछु र माननीय आर्थिक मामिला मन्त्री जुन ७ वटै प्रदेशको तुलनात्मक बजेटको जुन भोलुमको कुराहरु गर्नुभो पक्कै पनि वाहाले हाम्रो जति हाम्रो राजश्व जुन उठ्ने अनुमान छ त्यसै बेसमा वाहाले गर्नुभएछ त्यो स्वभाविक कुरा पनि हो । त्यसैले म के भन्न चाहान्छु भने हामीले आगामी दिनमा कार्यक्रम बजेटहरु तयार गर्दाखेरी पक्कै पनि यो हामी खाली एउटा खोक्रा आवाज साथिहरु पनि भन्नुहुन्छ जहिले पनि वितरणमुखी भो वितरणमुखी भो । तर मलाइ लाग्दछ त्यै वितरणमुखीको लागि नै हामी  लडिरहेको जस्तो पनि लाग्दछ र त्यसै बिचमा पनि सहमति गर्छन् जस्तो पनि लाग्दछ । यदि हामी उत्पादनमुखी बजेटको लागि लड्नेहो भने हामी सबै संकल्प गरौं हामीले प्रदेशले यसता यसता किसिमका योजनाहरु अगाडी बढाउ र त्यो प्रमाणितका साथ जाउ त्यसपछि हामी पनि भन्छौ वास्तवमा सुन्दर सुदूरपश्चिमको भविष्य उज्जल हुन्छ जस्तो लाग्दछ । तथापी जुन अहिले हाम्रो विकासको कुराहरु आइराछ । जुन २०७२ सालको संविधानले जुन संघियताको अवधारणा ल्याएको छ । म के भन्न चाहान्छु भने आज हामी सानसाना योजनाको लागि पनि हामी विशेष गरेर पहाडी जिल्लाहरुले कुनै कार्यक्रमको लागि हामीले वैतडी आउनुपर्ने कुनै कार्यक्रमको लागि डोटीमा जानुपर्ने र कतिपय कार्यक्रमको लागि यै हाम्रो धनगढीमा आउनुपर्ने परिस्थिति पनि छ सभामुख महोदय । त्यसैले म यस रोस्टमबाट विशेषक आग्रह के गर्न चाहान्छु भने बरु हामीलाइ बजेट कम दिनुस तर हाम्रो प्रत्येक जिल्लाहरुमा बजेट हाम्रो सुदूरपश्चिम सरकारको एउटा अफिसकार्य संचालन होस जसले गर्दाखेरी त्यहाँका जनताहरुले कमसेकम अहिलेको यस  गर्मियाममा पनि ४/५ लाखको बजेटको लागि १०औं दिनदेखी धनगढीमा रहेको अवस्था पनि म जाहेर गर्न चाहान्छु । वास्तवमा यहाँ धेरै विकासका कुराहरु गरिरहेका छन् । कतिपय कुराहरुमा हामी टोलका कुराहरु गरिरहेका छौं । तर विडम्बना छ मेरो निर्वाचन क्षेत्रको पनि जुन गाउमा म जन्मेको हुँ त्यो गाउमा जानलाइ आजपनि हामीले मित्रराष्ट भारतको बाटो भएर जानुपर्ने बाध्यता छ । तर म यस मानेमा जुन अहिले माहाकाली कोरिडोर अन्तरगत दार्चुला टिंकर सडक छ त्यसमा पक्कै पनि संघीय सरकारले झन्ड झन्डै ३३ करोड रुपैया विनियजित गरेको छ । तथापी त्यो कार्य कछुवाको कतिमा चलेको किनभने देखी तेलाइ भौगोलिक कठिनाइहरु त्यहाँका अपठ्याराहरुको कारणले पक्कै पनि धिमा गतिमा गएको छ । तथापी मैले यसपाली केन्द्रिय सांसदज्यूलाइ आग्रह गरेर त्यस क्षेत्रको लागि पदमार्गै भएपनि वास्तवमा हामिले अब टिंकर सडकको परिकल्पना गर्यौ त्यो अलि समय लाग्ने जस्तो भयो । कमसेकम एउटा रास्ट्रियता जोगाउनलागी पनि हामी नेपालबाट हिड्नुपर्छ भन्ने उदेश्यका साथ मैले अनुरोध गरेंको थिएँ । अहिले संघीय सरकारबाट पनि त्यस बाटोकोलागि ५० लाख रुपैया विनियोजित भएको छ । त्यसको लागि म संघीय सरकारलाइ पनि म हार्दिक धन्यवाद दिन चाहान्छु । त्यस किसिमले जुन अहिले राजस्वको कुराहरु उठिराख्या छ वास्तवमा जुन टिंकर नाका भोलीको दिनमा हामी त्यो त्रिदेशीय नाका त्यो चाहे व्यापारिक महत्वको कारणले होस चाहे धार्मिक पर्यटन जुन हाम्रो मानसरोवरको नामले त्यहाँ चिनिन्छ त्यस क्षेत्रलाइ पनि Develop गर्न सकियो भने पक्कै पनि हामी अगाढी बढ्छौं जस्तो लाग्छ र त्यसै ताका त्यो क्षेत्रहरुमा अब मलाइ अन्य ठाउको बारेमा मलाइ त्यति Knowledge छैन म भन्दिन मैले उल्लेख गर्न खोजेको के भनेदेखी दार्चुला टिंकरको जुन चाइनासँग जोडिएको बोडर र इन्डियासँग जोडिएको बोडर दुइटै बोडरमा तत्कालीन अवस्थामा

नेपाल सरकारको भन्सार कार्यालय थियो । जुन पछिल्लो चरणमा द्वन्द्वकाल देखी त्यो भन्सार कार्यालय विस्थापित भएका छन् । त्यसैले म त्यस क्षेत्रका केही भन्सार कार्यालयहरु बोड भन्सार टिंकर सितापुल भन्सार छांग्रु त्यसतै झोलझिवी दत्तु र यी लगायतका क्षेत्रहरुमा पनि यथासिघ्र भन्सारको स्थापना होस भन्ने पनि म आग्रह गर्न चाहान्छु । त्यसतै जुन मैले अन्तसम्म अब सबैको कुरा सुन्दाखेरी बजेटमा त्यति कमि कमजोरी देखिएन । सबैको मनसाय बजेट राम्रो छ तर सबैको ध्यान कार्यान्वयन पक्ष अलि फितलो छ भन्ने लाग्यो । त्यसैले मलाइ के लाग्दछ भने हामी यो भाषणमा मात्र सिमित नभएर भोलिदेखी नै कार्यान्वयन पक्ष कसरी गर्ने हामी आफैबाट शुरु गरेर यलाइ यथासिघ्र कार्यान्वयन गरेर जुन उदेश्यका साथ सुदूरपश्चिम प्रदेश सरकारले यो बजेट विनियोजित गरेको छ तेयसलाइ हामी सतप्रतिशत खर्त गर्ने र जो विगतका परम्परा जस्तै यो असारमा आएर योजना फच्यौंट हुने कार्यलाइ अन्त गर्दै यो बजेट छिटो भन्दा छिटो यो सदनबाट पास गर्दै र श्रावणदेखी हामीले यसको कार्यविधि बनाउदै निकट भविष्यमा छिटो भन्दा छिटो असारसम्म नपुग्ने गरेर समयमै कार्य सम्पन्न गर्नेतिर हामी अगाडी बढौं भन्ने कुरा पनि यै सम्मानित सदन मार्फत अनुरोध गर्न चाहान्छु र अन्तमा म के भन्न चाहान्छु भने कतिपय साथिहरुलाइ लाग्ला बजेट वितरणकै सम्बन्धमा म मात्र पास भए पुग्छ भन्ने लाग्छहोला । तसर्थ म यो रोस्टमबाट के अनुरोध गर्न चाहान्छु भने यदि भोलि हामीले नेपाल कम्युनिष्ट पाटीको यो गोरवमय पाटीलाइ जिवित राख्नुछ । र यस पाटीको सरकार फेरी पनि ल्याउनुछ भने पक्कै पनि हामीले सबै विद्यार्थी सुदूरपश्चिमका जुन अहिले यो विद्यार्थी भनौं हामी माननीयहरु सबै पास हुने किसिमले बजेटहरु विनियोजित होस र यो पुन बजेटको समर्थन गर्दै र आफ्ना भनाइहरु अन्त गर्दछु धन्यवाद ।

***(बोलीसकेपछि)***

३. **माननीय सदस्यहरू,**

प्रदेश सरकारको आ.व.२०७६।७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सामान्य छलफलमा वोल्ने समय यही समाप्त हुन्छ । अर्को वैठक आजै मिति २०७६ साल आषाढ २६ गते विहीबार दिनको ३.००बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।